जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ६४ • २०८१ साल साउन ७ गते सोमबार (22 July, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## ओलीलाई दुई तिहाइ मत

# 'निराशा चिर्न नयाँ सहकार्यको थालनी'

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा दुईतिहाइ मत प्राप्त गरेका छन् ।


प्रतिनिधिसभामा आइतबार प्रधानमन्त्री ओलीले प्रस्तुत गरेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा दुईतिहाइ मत प्राप्त भएको छ ।

प्रधानमन्त्री ओलीलाई सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो दल एमालेसहितका १८८ सांसदले मत दिए भने उनको विपक्षमा ७४ मत खसेको थियो । सो क्रममा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल भने तटस्थ नै बसेका थिए ।

सम्पूर्ण सदस्य संख्याको दुईतिहाइ भन्दा प्रधानमन्त्री ओलीले ४ मत बढी पाएका छन् ।

२०८१ असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका एमाले अध्यक्ष ओलीले अर्कोदिन पद तथा गोपनीयताका शपथग्रहण गरेका थिए ।

एक साता नबित्दै प्रधानमन्त्री ओलीले प्रतिनिधिसभामा दुई तिहाई भन्दा बढी विश्वासको मत प्राप्त गरेका छन् ।




प्रधानमन्त्री ओलीलाई कांग्रेस-एमाले बाहेक अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, जनमत पार्टी, उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी र दुई जना स्वतन्त्र सांसदले समेत विश्वासको मत दिएका छन् ।

नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकीकृत समाजवादीसहितकाले प्रधानमन्त्री ओलीको विपक्षमा मतदान गरेका थिए ।

०७९ पुस २६ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २७० सदस्य उपस्थित हुँदा २६८ सांसदको समर्थन पाएका थिए । तर, पाँचौंपटक विश्वासको मत लिने क्रममा प्रचण्डले गत असार २८ गते ६३ सांसदको मात्रै मत प्राप्त गरेका थिए । ओलीलाई कांग्रेसले प्रधानमन्त्रीमा समर्थन गरेपछि प्रचण्ड प्रधानमन्त्रीबाट पदमुक्त भएका थिए ।

यी दुई दलबीच २०८३ असारसम्म ओली र त्यसपछि २०८४ मंसिरमा निर्वाचन नगर्दासम्म कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने एकअर्कामा समझदारी समेत गरेका छन् ।

असार १७ गते मध्यरातमा कांग्रेस-एमालेबीच भएको सात बुँदे सहमतिलाई लिएर अनेक अड्कलवाजी भइरहँदा आइतबार प्रधानमन्त्री ओलीले विश्वास मत लिने क्रममा सात बुँदे समझदारी पत्रसमेत सार्वजनिक गरेका छन् ।

सत्ताच्युत भएका माओवादीलगायतले सात बुँदे सहमतिलाई लिएर विभिन्न खाले आरोपहरु लगाउँदै आएका थिए । तर सो सात बुँदे समझदारी पत्र प्रधानमन्त्री ओलीले आफै प्रतिनिधिसभामा पढेर सुनाए ।

कांग्रेससँगको सहमति वाचन गर्दै ओलीले प्रतिनिधिसभामा भने- 'सात बुँदा यिनै हुन्, के-के लुकाइयो भनिएको थियो, लुकाउन पर्ने केही थिएन, बजारमा आइसकेका थिए । देश, जनता लोकतन्त्र, स्थायित्वका पक्षमा छन् । सदनमा औपचारिक रुपमा राखेको छु ।'

कांग्रेस-एमालेबीच विभिन्न समयमा सहकार्य हुने गरेको स्मरण गर्दै प्रधानमन्त्री ओलीले देशको निराशा चिर्न नयाँ सहकार्य गर्नु परेको दाबी गरे ।

आमजनताको चाहना बमोजिम अहिले राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन र राजनीतिक स्थिरताका लागि कांग्रेस-एमालेबीच सत्ता सहकार्य भएको उनले बताए ।

नयाँ गठबन्धन बनाउनुपर्ने बारे प्रधानमन्त्री ओलीले जनतामा देखिएको निराशा चिर्न पूर्ववर्ती पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार असफल भएको टिप्पणी समेत गरे ।

नेपाली कांग्रेस र नेकपा एमाले जस्ता बलिया पार्टीले पटक-पटक काँध थाप्दा पनि अघिल्लो सरकारले लय लिन सकेको थिएन । सरकारले थिति बसाल्न नसकेको कारण पनि नयाँ गठबन्धन बनाएर सरकार गठन गरिएको प्रधानमन्त्री ओलीले प्रस्ट गरे ।

CTEVT बाट सम्वधन प्राप्त
ADMISSION OPEN FOR 2081/082
Pcl in Dental Science







आवेदन फारम भर्ने अन्तिम मिति:२०८१/०४/१३ गते सम्म
प्रवेश परीक्षा : २०८१/०४/१९ गते विहान ८ बजे
सम्पर्क स्थान
Nepal Dental Hospital & Technical Research Institute Pvt.Ltd.Janakpurdham-07
Contact No. 9817686279,9811887002,9804871851

'जनमन सँ जनजन धरि'



रेडियो टुडे ९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क निरन्तर १८ घण्टा अहाँक सँग
सुझाव आ प्रतिकृयाकऽलेल ०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

मधेश प्रदेशको राजधानी सांस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE








विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ स्टेशनको व्यवस्था
- मल्टीक्युजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

# 'नयाँ सरकारले जनताको आशालाई विश्वासमा परिणत गर्नसक्छ'

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वमा वर्तमान सरकार गठन भएपछि जनतामा आशा र उत्साहको सन्देश प्रवाह भएको विभिन्न राजनीतिक दलका नेता तथा सांसदहरुले प्रतिक्रिया दिनुभएको छ ।

प्रतिनिधिसभाबाट प्रधानमन्त्री ओलीले विश्वासको मत प्राप्त गरेपछि सञ्चारकर्मीको जिज्ञासामा उहाँहरुले वर्तमान राज्यसत्तामा सरकारको राम्रो पकड भएकाले राष्ट्रियता, आर्थिक अनुशासन कायम र सुशासन प्रवर्द्धन गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो । एमालेका नेता योगेशकुमार भट्टराईले नेपाली कांग्रेस र नेकपा (एमाले)बीचको सहमति तथा अरु दलको सहयोग र समर्थनमा बनेको वर्तमान सरकारका अगाडि अर्थतन्त्रलाई सकरात्मक दिशा दिने, लगानीको वातावरण बनाउने र रोजगारीको अवसर बढाउने ऐतिहासिक कार्यभार र दायित्व रहेको बताउनुभयो ।

विदेश पलायन भएका जनशक्तिलाई देशभित्रै रहने वातावरण बनाउनेलगायतका केही मुख्य जिम्मेवारी रहेको बताउँदै उहाँले भन्नुभयो, "असाधारण ढङ्गले असाधारण काम गर्नका लागि हामी एक ठाउँमा आएका हौँ ।"नेता भट्टराईले देशभित्र जनतामा आत्मविश्वास बढाउने, दलकाबीचमा सहमति निर्माण गर्ने गरी संविधानको पुनरावलोकन र समिक्षा गर्दै आवश्यक परेमा संशोधन समेत गर्ने समेत दायित्व रहेको बताउनुभयो ।



> नयाँ सरकार गठन भएसँगै अर्थतन्त्र चलायमान हुने तथा निजी क्षेत्रको आत्मविश्वास बढ्ने सङ्केत देखिएको बताउँदै नेता महतले भन्नुभयो, "वर्तमान सरकार सफल हुन्छ ।

नेकपा (एकिकृत समाजवादी) का नेता राजेन्द्रप्रसाद पाण्डेले आजको वर्तमान परिस्थितीलाई ध्यानमा राखी मुलुक र जनहितमा उठेको प्रश्न र समस्या समाधान गर्नेतर्फ नयाँ सरकारको ध्यान जान आवश्यक रहेको प्रतिक्रिया दिनुभयो ।उहाँले भन्नुभयो, "विश्वासको मत लिने सिलसिलामा सदनमा आफूले राखेका कुरालाई सम्बोधन गरी सबैलाई विश्वासमा लिएर अघि बढने विषयलाई ख्याल गर्नूपर्छ । भ्रष्टाचार नियन्त्रण र सुशासनमा जोड दिनुपर्छ ।"

नेपाली कांग्रेसका प्रवक्ता एवं पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकमा राजनीतिक अस्थिरता हटाउन साना दलको समेत सहभागितामा गठन भएका सरकारमा लोकतन्त्रप्रतिको गहिरो सम्मान र प्रतिबद्धता रहेको प्रतिक्रिया दिनुभयो ।उहाँले भन्नुभयो, "मुलुकमा लोकतन्त्र स्थापनाका लागि जतिपनि भएका आन्दोलनको नेतृत्व गरेको राजनीतिक परिवर्तन आन्दोलनको नेतृत्व गरेका प्रमुख दलबीचको सहकार्यले राजनीतिक स्थिरता, विकास र समृद्धिमा गुणात्मक अन्तर आउँछ ।"

नयाँ सरकार गठन भएसँगै अर्थतन्त्र चलायमान हुने तथा निजी क्षेत्रको आत्मविश्वास बढ्ने सङ्केत देखिएको बताउँदै नेता महतले भन्नुभयो, "वर्तमान सरकार सफल हुन्छ । चुनौती धेरै छन्, त्यसलाई पन्छ्याउन धेरै मेहनत र समन्वयका साथ काम गर्नुपर्छ अनि जनताको आशा विश्वासमा परिणत हुन्छ ।" प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र)का नेत्री एवमं पूर्वमन्त्री रेखा शर्माले सरकारले गर्ने कामको गुण र दोषका आधारमा प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पश्चगमनमा जाने कुरालाई समर्थन गर्दैनौ । त्यसको डटेर मुकाबिला गर्छौं । सकारात्मक काममा रचनात्मक सहयोग गर्छौं ।"रासस

# बर्सेनि अपराधका घटना किन बढिरहेका छन् ?

काठमाण्डु । बर्सेनि अपराधका घटनामा वृद्धि हुँदै गइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ। नेपाल प्रहरीले उपलब्ध गराएको पछिल्लो चार आर्थिक वर्षका तथ्याङ्कले अपराधको संख्या बर्सेनि बढ्दै गएको पुष्टि गर्छ।

आर्थिक वर्ष २०७७/७८ मा देशभर विभिन्न प्रकृतिका ४० हजार एक सय २० अपराधिक घटनाको मुद्धा दर्ता भएकामा गत आव २०८०/८१ सम्म आइपुग्दा त्यो सङ्ख्या बढेर ५९ हजार दुई सय तीन पुगेको छ। आव २०७८/७९ मा ४६ हजार नौ सय दुई र आव २०७९/८० मा ५६ हजार तीन सय २३ मुद्धा प्रहरीमा दर्ता भएका छन् ।



अघिल्लो आवको तुलनामा गत आवमा पाँच दशमलव ११ प्रतिशतले मुद्धा दर्ता वृद्धि भएको छ। गत वर्ष सबैभन्दा बढी काठमाडौँ उपत्यकामा १७ हजार ४५ मुद्धा दर्ता भएको प्रहरीले जनाएको छ। पछिल्लो समय सबैभन्दा धेरै आर्थिक अपराध देखिएको छ । चेक अनादरको मुद्धा बढी मात्रामा दर्ता भएका छन्। काठमाडौँ उपत्यकामा आर्थिक गतिविधि केन्द्रित हुँदा आर्थिक अपराधको घटना बढेको प्रहरीको भनाइ छ ।मधेसमा नौ हजार छ सय २०, कोशीमा नौ हजार तीन सय ७८, लुम्बिनीमा सात हजार छ सय ४४, बागमतीमा पाँच हजार एक सय ९७, गण्डकीमा चार हजार छ सय ९८, सुदूरपश्चिममा तीन हजार छ सय एक र कर्णालीमा दुई हजार २० वटा आपराधिक घटनाको मुद्धा दर्ता भएका छन् ।

गत वर्ष सबैभन्दा बढी १३ हजार दुई सय ६३ बैङ्किङ कसुरसम्बन्धी मुद्धा दर्ता भएका प्रहरीको तथ्याङ्क छ। सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकतासम्बन्धी १० हजार सात सय ५६, आत्महत्या सात हजार एक सय ९४, लागुऔषध चार हजार तीन सय ९८, चोरी तीन हजार सात सय ५८, जबरजस्ती करणी दुई हजार पाँच सय सात, ठगी एक हजार आठ सय ७४, सवारी ज्यान एक हजार सात सय ७५ र ज्यान मार्ने उद्योगसम्बन्धी एक हजार १९ वटा मुद्धा दर्ता भएका छन् ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्की भूमण्डलीकरणले ल्याएको परिवर्तन, प्रविधि विकास तथा आर्थिक गतिविधि अत्यन्त चलायमान भएका कारण परम्परागत प्रकृतिका अपराधका तुलनामा आर्थिक र साइबर अपराधका घटना बढेका बताउनुहुन्छ ।

"परम्परागत प्रकृतिका अपराध खासै बढेका छैनन्, विगतमा आर्थिक कारणले अन्य अपराध हुन्थे, अहिले त्यसको स्वरुप बदलिएको छ, आर्थिक नै अपराधका रुपमा वृद्धि भएका छन्", प्रहरी प्रधान कार्यालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "आर्थिक अपराध गाउँमा छैनन्, जहाँ आर्थिक गतिविधि बढी हुन्छन्, त्यहाँ आर्थिक अपराधका मुद्धा बढी दर्ता भएका छन् ।"

पछिल्लो समय प्रविधिको विकासँगै अपराधको स्वरुप पनि बदलिएको उहाँको भनाइ छ । प्रवक्ता कार्कीले नेपाल प्रहरी अपराधका घटना न्यूनीकरण गर्न र अपराधीलाई कानुनी दायरामा ल्याउन निरन्तर क्रियाशील रहेको बताउनुभयो। "समुदाय-प्रहरी साझेदारीअन्तर्गत साइबर सुरक्षा तथा सडक दुर्घटना र आत्महत्या न्यूनीकरणलगायतका घटना हुन नदिन प्रयास थालिएको छ", उहाँले भन्नुभयो ।रासस

# बिपी कोइराला लोकतान्त्रिक समाजवादी चिन्तनधाराका गुरुः संस्कृतिमन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले बिपी कोइरालालोकतान्त्रिकसमाजवादी चिन्तनधाराका गुरुका रुपमा स्थापित हुनुभएको बताउनुभएको छ ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको ४२औँ स्मृति दिवसका अवसरमा आइतबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको बिपी कोइराला राष्ट्रिय पुरस्कार, २०८० समर्पण समारोहमा उहाँले समाजवादोन्मुख संविधानको परिकल्पनाकार पनि बिपी नै हुनुहुन्थ्यो भन्नुभयो ।

विसं २००७ मा संविधानसभाबाट बन्ने संविधानमा यस्तो व्यवस्था गर्ने बिपीको सपना करिब सात दशकपछि मात्र पूरा भएको मन्त्री पाण्डेले उल्लेख गर्नुभयो । राजनीति र साहित्य दुवै क्षेत्रमा योगदान गर्नुभएका बिपीलाई यही चिन्तनले असल बन्ने धरातल निर्माण गरिदिएको उहाँको भनाइ छ ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री भएका बेला २०१६ सालमा बिपीको पहिचान सात समुद्र पारिसम्म भएको सुनाउँदै मन्त्री पाण्डेले सोसलिस्ट इन्टरनेशनलले बिपीलाई उपाध्यक्ष बनाएको जानकारी दिनुभयो । समानता र स्वतन्त्रतालाई सँगसँगै लिएर जाने, देश तथा विश्वमै बढी खुसी हुनेमा बिपी पर्ने उल्लेख गर्नुहुँदै उहाँले बिपीको विचार पनि त्यहीअनुसार रहेको बताउनुभयो । वर्तमान संविधानमा पनि यो भावना प्रतिविम्बित भएकाले यसको कार्यान्वयन हुनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

"देशमा छाएको निराशा चिर्न, अर्थतन्त्रलाई मजबुत बनाउन भ्रष्टाचारको अन्त्य गर्न ब्रह्मास्त्रको प्रयोग गर्नका लागि जोखिम मोलेर दुई ठूला दल एक ठाउँमा उभिएका हौँ, यसको अध्यक्षता प्रधानमन्त्री केपी शर्मा ओलीले गरिरहनुभएको छ", मन्त्री पाण्डेले भन्नुभयो ।

पूर्वमन्त्री एवं सांसद ज्ञानेन्द्रबहादुर कार्कीले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सहमति सत्ता, शक्ति र प्रतिशोध साँध्न नभई विद्यमान समस्या समाधान गर्दै देश विकास गर्ने रहेको बताउनुभयो । नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बन्नुभएका बिपीले १८ महिने कार्यकालमा १५ वर्षभित्र सबै नेपालीलाई आफूले यापन गरिरहेको जीवनशैलीमा पुऱ्याउने उद्घोषका साथ काम सुरु गरेपछि नेपाली सेनाको शक्तिका भरमा अपदस्त गरिएको उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेयले बिपी कोइराला राष्ट्रिय पुरस्कार, २०८० राजनीतिक दर्शन विधातर्फ दुई जनालाई संयुक्तरुपमा र साहित्यिक विधातर्फ पनि दुई जनालाई संयुक्त रुपमा वितरण गरिएको जानकारी दिनुभयो ।


पुरस्कारबाट राजनीतिक दर्शन विधातर्फ किशोरकुमार अधिकारी र होमनाथ दाहाललाई पुरस्कृत गर्नुभयो । संयुक्त रुपमा प्रदान गरिएको पुरस्कारको राशि रु दुई लाख नगद, प्रमाणपत्र र दोसल्ला छ । यसैगरी साहित्यिक विधातर्फको बिपी कोइराला राष्ट्रिय पुरस्कार प्रा डा योगेन्द्रप्रसाद यादव र प्रा डा हरिप्रसाद शर्मा पराजुलीलाई प्रदान गरिएको थियो । पुरस्कारको राशि रु दुई लाख नगद, प्रमाणपत्र र दोसल्ला रहेको छ । मन्त्रालयको संस्कृति महाशाखाको व्यवस्थापनमा प्रत्येक वर्ष पुरस्कार प्रदान गर्ने गरिएको छ ।रासस

# बागमती प्रदेशमा नयाँ सरकार गठनका लागि आह्वान

बागमती । बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले नयाँ सरकार गठनका लागि आह्वान गर्नुभएको छ। मुख्यमन्त्री शालिकराम जम्कट्टेलको दिनुभएको राजीनामा स्वीकृत गर्नुहुँदै प्रदेश प्रमुख शर्माले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि साउन ८ गते साँझ ५ बजेसम्मको समय तोक्नुभएको छ।

**नयाा राजनीतिक**

समीकरणअनुसार सरकार गठनका लागि मार्ग प्रशस्त गर्ने भन्दै मुख्यमन्त्री



जम्कट्टेलले आइतबार दिउँसो प्रदेश प्रमुख शर्मालाई राजीनामा पत्र बुझाउनुभएको थियो। प्रदेश प्रमुख शर्माले मुख्यमन्त्री जम्कट्टेलको राजीनामा स्वीकृत गरी अर्को सरकार गठन नहुञ्जेलसम्म उहाँलाई काम चलाउ मुख्यमन्त्रीको जिम्मेवारी दिनुभएको छ।

**मुख्यमन्त्रीमा दाबी पेश गर्दै कांग्रेस**

नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले यहाँ मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी गर्नुभएको छ। उहाँले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समर्थनमा मुख्यमन्त्री नियुक्तका लागि दाबी पेश गर्ने तयारी गर्नुभएको हो।

**'दुई दलबीच पहिला नै**


मुख्यमन्त्रीमा कांग्रेसले दाबी पेस गर्ने सहमति भइसकेको छ", लामाले भन्नुभयो, "कांग्रेस संसदीय दलको नेताको हैसियतले मुख्यमन्त्रीका लागि मेरो दाबी पेस हुन्छ, त्यसका लागि आवश्यक तयारी भइरहेको छ।"

नयाँ मुख्यमन्त्री नियुक्तिको प्रक्रिया सुरू भइसकेकाले बहुमत प्रदेशसभा सदस्यको हस्ताक्षरसहित प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्रीमा कांग्रेस नेता लामाले दाबी पेस गर्ने तयारी भइरहेको एमाले प्रदेशसभा संसदीय दलका नेता जगन्नाथ थपलियाले जानकारी दिनुभयो ।रासस

# निर्वाचित हुन पाइन्न भन्ने सन्देश दिन राजाले बिपीलाई जेल हाले : प्रम ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालालाई तत्कालीन राजाले निर्वाचित हुन पाइन्न भन्ने सन्देश दिन जेलमा थुनेको बताउनुभएको छ।

बिपी कोइरालाको ४२ औँ स्मृति दिवसका अवसरमा आइतबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको बिपी कोइराला राष्ट्रिय पुरस्कार, २०८० समर्पण समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले डेढ दशकमा सबै जनतालाई प्रधानमन्त्री सो सरहको जीवनयापन गर्ने अवस्थामा पुऱ्याउँछु भनेकैले बिपीलाई जेलमा हालिएको बताउनुभयो । सोही कारण बिपीलाई आठ वर्षसम्म सुन्दरीजल बन्दीगृहमा थुनिएको उहाँले सुनाउनुभयो ।




"झूटा आरोप र मुद्दाका आधारमा बिपीलाई जेल हालियो, कांग्रेसले गद्दीमा ल्याएर राखेका राजाले बिपीलाई बिनाकारण जेल हाले, बिपीले सत्यको मार्ग हिँडेर जीवनभर मूल्य चुकाउनुभयो, सत्य बोल्ने र सही काम गर्ने हो भने मूल्य चुकाउनुपर्छ भन्ने मानसिकताले उहाँ अघि बढ्नुभएको थियो," प्रधानमन्त्री ओलीले भन्नुभयो । जनताले लगाएको कपडाका साथै जनताको अवस्था देखाउँदा बिपीका पिता कृष्णप्रसाद र माता दिव्या कोइरालालाई पनि राणा शासकले सर्वस्व हरण गरी निर्वासनमा पठाएको उहाँको भनाइ छ । बिपीले भिन्न विचार राख्न पाउने स्वतन्त्रताका लागि सङ्घर्ष गर्नुभएको प्रधानमन्त्री ओलीले बताउनुभयो ।

बिपीले विसं २०३५ मा बिबिसीलाई दिनुभएको अन्तर्वार्तामा तर्कसहित स्पष्ट रुपमा राष्ट्रिय एकताको सवाल उठाउनुभएको उहाँले सुनाउनुभयो। अहिलेको पुस्तालाई कथाजस्तो लाग्ने बिपीको जीवनकथा पढ्न रोमाञ्चक भए पनि भोग्न सहज नहुने प्रधानमन्त्री ओलीको भनाइ छ । "जीवनमा सङ्घर्ष गरेरै बिपीले राजनीति र साहित्यलाई नयाँ उचाइमा लग्नुभयो, बिपीका बेलाको बलिदान र सङ्घर्ष अहिलेको पुस्तालाई कथाजस्तो लाग्नसक्छ, त्यस्तै सङ्घर्ष गरेकैले बिपी कालजयी व्यक्तित्व बन्नुभयो," उहाँले भन्नुभयो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले विसं २०८० को बिपी कोइराला राष्ट्रिय पुरस्कारबाट राजनीतिक दर्शन विधातर्फ किशोरकुमार अधिकारी र होमनाथ दाहाललाई पुरस्कृत गर्नुभयो । संयुक्त रुपमा प्रदान गरिएको पुरस्कारको राशि रु दुई लाख नगद, प्रमाणपत्र र दोसल्ला छ। यसैगरी, साहित्यिक विधातर्फको बिपी कोइराला राष्ट्रिय पुरस्कार प्राडा योगेन्द्रप्रसाद यादव र प्राडा हरिप्रसाद शर्मा पराजुलीलाई संयुक्त रुपमा प्रदान गरिएको थियो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राजनीतिक स्थिरताका लागि नयाँ सरकार बनेको हो : उपप्रधानमन्त्री सिंह



काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थिरताका लागि नयाँ सरकार गठन भएको बताउनुभएको छ ।

तारकेश्वर नगरपालिकाको नयाँ प्रशासकीय भवनको आइतबार उद्घाटन गर्दै उपप्रधानमन्त्री सिंहले मुलुकमा दुई ठूला दल मिलेर सरकार बन्नु भनेको नै राजनीतिक स्थिरताको सन्देश दिएको बताउनुभयो । "विगतमा राजनीतिक अस्थीरता हुँदा जनचाहनाअनुरुप काम भएन । अब स्थिर सरकार बनेको छ, यसले विगतको भन्दा सकारात्मक र प्रभावकारी काम गरेर देखाउँछ", उहाँले भन्नुभयो । उहाँले नयाँ सरकारले जनतामा आशा जगाउनेगरी काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उपप्रधानमन्त्री सिंहले स्थानीय तह प्रत्यक्ष जनतासँग जोडिएको सरकार भएकाले जनताको अपेक्षाअनुसार प्रभावकारी काम गर्न ध्यान दिनुपर्नेमा जोड दिनुभयो । नयाँ प्रशासकीय भवन सञ्चालन भएपश्चात् सेवा प्रवाह थप प्रभावकारी बन्दै जाने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।

कांग्रेसका नेता एवं पूर्वरक्षामन्त्री भीमसेनदास प्रधानले नयाँ प्रशासकीय भवन निर्माण भएसँगै जनताले सहज रुपमा सेवा पाउने बताउनुभयो ।

नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले स्थानीय तहमा देखिएका समस्या समाधान गरी समृद्ध तारकेश्वर निर्माण गर्ने उद्देश्यले काम गरिरहेको स्पष्ट पार्नुभयो ।विसं २०७७ असोज २९ गते सम्झौता भई विसं २०७९ चैतमा सम्पन्न भएको उक्त भवन रु १७ करोड १५ लाख चार सय ८४ मा निर्माण गरिएको नगरपालिकाकी उपप्रमुख सिर्जना बुर्लाकोटी अर्यालले जानकारी दिनुभयो ।रासस

# जनताको चाहनालाई सम्बोधन गर्ने लक्ष्य राखिएको छ : सांसद विष्ट

काठमाण्डु । नेकपा (एमाले) का सांसद गोकर्णराज विष्टले मुलुकले भोगेको समस्या समाधान गर्दै जनतामा आशा जगाउने उद्देश्यका साथ वर्तमान सरकार गठन भएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका पक्षमा विश्वासको मत माग्दै उहाँले आर्थिक विकास, समृद्धि र जनताको बृहत्तर हितका लागि साझा दृष्टिकोणका साथ अगाडि बढ्न सबै राजनीतिक दललाई आग्रह गर्नुभयो ।

खुसुक्क लुकेर संविधानको संशोधन नगरिने जानकारी दिँदै उहाँले समयको माग जनताको चाहना अनुसार गरिने बताउनुभयो । सांसद विष्टले जनताले प्राप्त गरेको अधिकार कोही कसैले खोस्न नसक्ने स्पष्ट पार्नुभयो । एमाले जनताका पक्षमा विगतदेखि संघर्ष गर्दै आएको पार्टी भएकाले समावेशी, समानुपातिक प्रतिनिधित्वको विपक्षमा कहिल्यै जान नसक्ने दृढता व्यक्त गर्नुभयो ।

जनताको समर्थनमा आफूहरुले विश्वास गर्ने र जनतालाई साथमा लिएर अगाडि बढ्ने भएकाले नेपाली कांग्रेस र एमाले एकआपसमा मिल्दा लोकतन्त्र धरापमा पर्छ कि भनेर आशङ्का नगर्न उहाँले प्रतिपक्षी दललाई आग्रह गर्नुभयो ।

वर्तमान गठबन्धन मुलुकमा व्याप्त निराशालाई चिरेर आशामा परिणत गर्ने, संविधानलाई समृद्ध पार्ने, जनताको चाहनालाई सम्बोधन गर्ने लक्ष्य राखिएको उहाँको कथन छ । रासस

# स्थिर र मजबुत सरकारका लागि गठन भएको हो : सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्थिर र मजबुत सरकारका पक्षमा कांग्रेस र नेकपा (एमाले) रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको धारा ७६ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नका लागि प्रस्तुत गर्नुभएको प्रस्तावमाथि समर्थन जनाउँदै सभापति देउवाले नेपाली जनताको अपेक्षाअनुसार स्थिर सरकार, तीव्र आर्थिक विकास, रोजगारी सिर्जना तथा भौतिक संरचनाको शीघ्र निर्माण गर्न वर्तमान सरकार गठन भएको उल्लेख गर्नुभयो ।



सभापति देउवाले संविधान संशोधन लोकतन्त्रको स्वभाविक अभ्यास रहेको उल्लेख गर्दै संविधान संशोधन गर्दा सबै दलको सहमति खोजिने स्पष्ट पार्नुभयो । "संविधान कार्यान्वयनको आठ वर्ष पूरा भएको छ । यसको सबल र दुर्बल पक्ष एवम् जटिलताको समीक्षा गरी संविधानमा आवश्यक परिमार्जन गर्नु लोकतन्त्रको स्वभाविक अभ्यास हो", सभापति देउवाले भन्नुभयो- "संविधान संशोधन गर्दा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशितालाई थप सुदृढ गरिनेछ । नेपालमा क्रियाशील सबै राजनीतिक दलबीच संवाद र सहमतिबाट संविधान संशोधन गर्न उचित हुन्छ भन्नेमा हामी स्पष्ट छौँ ।"

सभापति देउवाले संसदका दुई ठूला दल कांग्रेस र एमाले मिलेर बनेको सरकारले राजनीतिक स्थिरता, तिव्र आर्थिक विकास र समृद्धिका लागि काम गर्ने अपेक्षा गर्नुभयो । "देश विकासका लागि सबैभन्दा पहिलो आवश्यकता स्थिर र मजबुद सरकार निर्माण गर्नु हो । आजको संसद्को संरचनालाई देष्टिगत गरी स्थिर सरकारका लागि संसद्को पहिलो र दोस्रो दल मिलेर सरकार निर्माण भएको छ", उहाँले भन्नुभयो ।

नयाँ सरकारले मुलुकमा देखिएको आर्थिक शिथिलतालाई चिर्दै समग्र अर्थतन्त्रलाई चलायमान बनाउने र दिगो शान्ति कायम गरी गतिशील अर्थतन्त्रको माध्यमबाट देशभित्रै रोगजारीका अवसर सिर्जना गर्ने विषयलाई प्राथमिकतामा राख्ने सभापति देउवाले विश्वास व्यक्त गर्नुभयो । यसबाट राजस्व सङ्कलनमा थप वृद्धि भई विकास निर्माणका जनआकांक्षा पूरा गर्न सकिने उहाँको भनाइ थियो ।

भष्ट्राचार नियन्त्रण गर्दै मुलुकलाई सुशासनतर्फ लैजान आवश्यक रहेको उल्लेख गर्दै सभापति देउवाले विधिको शासन र संविधानको पूर्ण कार्यान्वयनका लागि कानुनको निर्माण, लगानीको वातावरण बनाएर अहिले देखिएको आर्थिक शिथिलता चिरेर आन्तरिक उत्पादन बढाउने तथा रोजगारीका अवसर सिर्जना गरिने बताउनुभयो ।

"प्रधानमन्त्री ओली अत्यन्त मेहनती, अध्ययनशील र अनुभवी हुनुहुन्छ। उहाँको मन्त्रिमण्डलमा रहेका साथीहरु पनि योग्य र सक्षम हुनुहुन्छ," सभापति देउवाले भन्नुभयो, "ओलीको नेतृत्वमा मुलुकले उन्नतिको नयाँ बाटो समात्ने छ भन्ने मैले विश्वास लिएको छु । राजनीतिलाई स्थिरताको बाटोतर्फ उन्मुख गराउन गठन भएको वर्तमान सरकार सफल हुने विश्वास लिएको छु ।"

गत असार १७ गते कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिको कार्यान्वयनप्रति कांग्रेस दृढ रहेको र दृढ रहिरहने अवगत गराउँदै सभापति देउवाले एमाले पनि यस कुरामा दृढ रहने विश्वास व्यक्त गर्नुभयो ।

कांग्रेसले प्रधानमन्त्री ओलीले माग्नुभएको विश्वासको मतको पक्षमा मतदान गर्ने उल्लेख गर्दै उहाँले अन्य दललाई पनि प्र्रधानमन्त्री ओलीले राख्नुभएको विश्वासको मतको पक्षमा मतदान गर्न अपिल गर्नुभयो ।रासस

## यस्तो छ कांग्रेस र एमालेबीच भएको सहमति

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सातबुँदे सहमतिबारे सदनलाई जानकारी गराउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विश्वासको मत माग्ने क्रममा प्रधानमन्त्री ओलीले गत असार १७ गते कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिबारे सदनलाई जानकारी गराउनुभएको हो । उहाँले सदनलाई जानकारी गराउनुभएको सहमतिका सातवटा बुँदा यसप्रकार रहेका छन् ।



१) आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गरिने छ।

२) राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सवल पक्ष र दुर्वल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने छ।

३) अर्थतन्त्रमा देखिएको विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने र आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गरिने छ।

४) राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले तथा त्यसपछि २०८४ मङ्सिरमा हुने आम निर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने ।

५) राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गरिने छ।

६) राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने तथा अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गरिने छ।

७) राष्ट्रिय सहमतिको सरकारको मर्म र भावनाअनुरुप प्रदेश सरकारको गठन तथा सञ्चालन गर्ने र जनभावनाअनुरुप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिइने छ ।रासस

# प्रतिनिधिसभाः उपसभामुखको पत्रबारे छानबिन गर्न माग

काठमाण्डु।प्रतिनिधिसभाको आइतबारको बैठकमा आकस्मिक समयमा बोल्नुहुने सांसदहरुले उपसभामुख इन्दिरा रानाले अमेरिकी दूतावासलाई लेखेको पत्रका विषयमा छानबिन गर्न माग गर्नुभएको छ ।



केही युवालाई अमेरिका पठाउन उपसभामुख रानाले संसद्को लेटरप्याडमा अमेरिकी दूतावासलाई पत्र पठाएको र यसबारे संसद्लाई जानकारी नभएका विषयमा छानबिन गरिनुपर्ने माग सत्तापक्षले उठाएको छ । प्रतिपक्षमा रहेका दलहरुले भने उपसभामुख इन्दिरा रानासँग जोडेर आएको विषय संवैधानिक परिषद्मा सत्तापक्षले खोजेको सहजतासँग जोडेर आएको र सत्तापक्षले मिडिया ट्रायल गरेको आरोप लगाएको छ। साथै पर्याप्त छानविन र वास्तविकता पहिचान नगरिकनै मानव तस्करीजस्तो जघन्य अपराधमा उपसभामुख रानाको नाम मुछिएकोप्रति प्रतिपक्ष दलका सांसदहरुले आपत्ति जनाएका हुन् ।

आइतबारको बैठकमा आकस्मिक समयमा बोल्नुहुँदै सांसद रामहरी खतिवडाले प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानाले आफ्नो पदको दुरुपयोग गरेर केही युवालाई अमेरिका पठाउन खोजेको आरोप लगाउनुभयो। यस्तो गम्भीर आरोपबारे छानबिन समिति गठन हुनुपर्ने तथा उपसभामुखले नैतिकताका आधारमा संसद बाहिर रहेर अनुसन्धानलाई सघाउनुपर्ने उहाँको भनाइ छ । "संसद् सचिवालयलाई थाहै नदिइ उपसभामुखको लेटरप्याडमा कसले कुन प्रयोजनका लागि सिफारिस गरेको हो भनेर छानबिन गरिनुपर्छ । यसका लागि उपसभामुख संसद्भन्दा बाहिर बसेर छानबिनका लागि सघाउनुपर्छ", खतिवडाले भन्नुभयो, "यस्तो अवस्थामा उपसभामुखले संसदको कमाण्ड सम्हाल्न सुहाउँछ कि सुहाउँदैन ? यो गम्भीर प्रश्न हो ।"

सांसद रघुजी पन्तले राष्ट्रिय परिचयपत्रको आवश्यकता र औचित्यमाथि प्रश्न गर्नुभयो । विभिन्न सामाजिक सुरक्षाभत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि त्यसले अप्ठ्यारो भएको उहाँको भनाइ छ। राष्ट्रिय परिचयपत्र अनिवार्य गरिँदा ज्येष्ठ नागरिकलाई बढी समस्या परेको उल्लेख गर्नुहुँदै सांसद पन्तले यसमा सहजीकरण गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद माधव सापकोटाले डेडिकेटेड र ट्रङ्कलाइनको विद्युत् महशुल भुक्तानीसम्बन्धी विवादमा प्रधानमन्त्रीले हस्तक्षेप गरेको विषय उठाउनुभयो । डेडिकेटेड र ट्रङ्कलाइनसम्बन्धी विवादलाई विद्यमान कानुनी व्यवस्था र विभिन्न समयमा गठित अध्ययन समितिले दिएका सुझावका आधारमा समाधान गरिनुपर्ने बताउनुभयो । यो महशुल असुलीका लागि चलखेल नगरिकन स्वतन्त्र रुपमा सरकारका निकाय अघि बढ्नुपर्ने उहाँको भनाइ छ । नवगठित सरकारले आर्थिक अनुशासन पालनामा जोड दिनुपर्ने सांसद सापकोटाले बताउनुभयो ।

उपसभामुख राना विवादमा मुछिएको विषय राजनीतिक नैतिक चरित्रसँग जोडिएको भए पनि संवैधानिक परिषद्मा अप्ठ्यारो पर्ने भएपछि सत्तापक्षले यो विषय उचालेको आरोप सांसद सापकोटाले लगाउनुभयो ।अर्का सांसद सुमना श्रेष्ठले उपसभामुख रानाको विषयमा मिडिया ट्रायल भएको बताउनुभयो । संवैधानिक परिषद्मा सत्तापक्ष अल्पमतमा परेपछि उपसमामुख रानालाई मानव तस्करीजस्तो गम्भीर आरोप सत्तापक्षले लगाएको र रानाको चरित्र हत्या गर्ने नियतले सत्तापक्षले यो विषय उठाइरहेको उहाँको भनाइ छ। सबैका लागि विधि र पद्दति लागू हुनुपर्नेमा उहाँले जोड दिनुभयो। रासस

# राजनीति स्थिर नहुनुको पछाडि ठूला दल जिम्मेवारः लिङ्देन



काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं सांसद राजेन्द्रप्रसाद लिङ्देनले समानुपातिक, समावेशी सिद्धान्तका पक्षमा आफू रहेकाले त्यसका विरुद्ध नजाने बताउनुभएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा आफ्नो धारणा राख्दै अध्यक्ष लिङ्देनले मुलुकमा राजनीतिक स्थिरता नहुनुको पछाडि ठूला दल नै जिम्मेवार रहेको आरोप लगाउनुभयो । समस्या साना दल र समावेशी समानुपातिक प्रतिनिधित्वमा नभएको उल्लेख गर्दै उहाँले ठूला दल यसतर्फ गम्भीर नहुँदा समस्या आएको बताउनुभयो।

अध्यक्ष लिङ्देनले संविधानमा देखिएका केही विषय सम्बोधन गर्नुपर्ने भए पनि पछिल्ला दिनमा आएका विषयहरुमा आफ्नो सहमति नभएको धारणा राख्नुभयो । पछिल्लो राजनीतिक अवस्थाका कारण जनतामा दल र नेताप्रति सकारात्मक नभएको तर्क गर्नुभयो । सांसद लिङ्देनले नयाँ समझदारी बनाएर अगाडि बढेमात्रै मुलुकका विद्यमान समस्या समाधान हुँदै जाने आवश्यकता औँल्याउनुभयो । उहाँले आफ्नो दलले प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिन नसक्ने संसद्मार्फत जानकारी दिनुभयो ।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन
२×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।





टिकट दर १८,000 भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम–१0
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

आवश्यक्ता

जानकी महिला जागरण समाज (JWAS) वि.सं २०५० सालमा धनुषा जिल्लामा स्थापना भएको गैर नाफामूलक गैर सरकारी संस्था हो । शशक्त महिला समृद्ध समाज निर्माण गर्ने मूल लक्ष्यका साथ कार्यरत यस संस्था महिला सामाजिक कार्यकर्ताहरूको समूहद्वारा संचालित छ।


हाल यस संस्थाले धनुषा जिल्लामा प्लान इन्टरनेशनल नेपालसँगको साझेदारीमा प्रस्तावित शशक्त वालिका – **Girls Standing Strong (GSS)** परियोजना कार्यान्वयन गर्न लागिरहेको छ। उक्त परियोजनामा निम्न पदहरुकालागि निम्न संख्यामा कर्मचारीहरुको आवश्यक्ता रहेकोले इच्छुक र योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनका लागि अनुरोध छ।

**1.Project Coordinator (PC) – 1 No.**
**2.Project Officer (PO) – 1 No.**
**3.Admin and Finance Officer (AFO)– 1 No.**
**4.Field Supervisor (FS)– 5 No.**

**सबै पदहरुकालागि आवश्यक न्यूनतम योग्यता, अनुभव, आवेदन प्रकृया र अन्य थप जानकारीकालागिः**
**https://www.jobsnepal.com** मा प्रकाशित पूर्ण विज्ञापन विवरण हेर्नु हुन अनुरोध छ।

JobsNepal.com
Nepal's No 1 job and career portal

**आवेदन बुझाउने अन्तिम मितिः २८ जुलाई २०२४**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### एसईईको परीक्षाफलमाथि अविश्वास

माध्यमिक शिक्षाको परीक्षाफलले शिक्षार्थीको उच्च शिक्षा अध्ययनका लागि विभिन्न संकायको संरचनागत तहमा अध्ययन मार्ग निर्धारण गर्छ । एक कक्षादेखि दश कक्षासम्मको अध्ययनका ज्ञान , सीपको परीक्षणका लागि परीक्षा सञ्चालन गर्न म  राष्ट्रिय शिक्षा बोर्डको स्थापना गरिएको छ । दश कक्षाको परीक्षाफलसँग शिक्षार्थीको भविष्य गाँसिएको हुन्छ । यही परीक्षाफलले अगाडिका शैक्षिक विषय रोज्ने , मस्तिष्कमा भविष्यको सपना हुन्छ ,अत : माध्यमिक शिक्षाको परीक्षा लिने , प्रकाशित गर्ने राष्ट्रिय परीक्षा  बोर्डमाथि शिक्षार्थीसँगै अभिभावकलगायत देशको निर्माण गर्नेको ध्यान केन्दित हुनुलाई स्वभाविकै हो । तर विडम्बना के रहेको छ भने परीक्षाफल प्रकाशित भएपछिको घटनाक्रमले यो निकायमाथि अविश्वासको लामो अध्याय नै देखिन्छ । एसएलसी परीक्षा बोर्ड हुँदा पनि यस्ता अविश्वास र राष्ट्रिय शिक्षा बोर्डमा रुपान्तरण हुँदा पनि अविश्वास र शंकाको श्रृंखला जारी छ ।  एसएलसी बोर्ड हुँदा चलखेलका प्रसंग , जोडमा त्रुटि , बोर्डका सदस्यको  सन्ततिको अग्र स्थान , निजी विद्यालयले आफ्नो प्रभुत्व कायम गर्न आर्थिक चलखेल गरी श्रेष्ठताको होडबाजी  गर्ने गरेको सुनिन्थ्यो भने एसएलसी राष्ट्रिय परीक्षा बोर्डमा रुपान्तरण भएपछि पनि होडबाजी निस्तेज भएको छैन , मौलाउँदै गएको छ । एसएलसी बोर्ड हुँदा शिक्षार्थीले  पुनर्योग गराउँदा केही संख्यामा गल्ती भएको सुनिन्थ्यो भने यस पटकको पुनर्योगको परिणामले बोर्डको अविश्वासको बाढी नै आएको छ ।  गत १३ असारमा सार्वजनिक गरिएको एसईईको परीक्षा परिणामले अनेक शंका उब्जाएको छ । ६८ अंकलाई ०८ , ७७ लाई ११ चढाइएको फेला परेको छ । पुनर्योगमा थप ९४ जना परीक्षार्थीले ४ जीपिए ल्याएको पाइएको छ । बोर्डले परीक्षाफल सार्वजनिक गर्दा १८६ जनाले मात्र ४ जीपिए ल्याएका थिए । परीक्षामा सहभागमिध्ये करिब ४८ प्रतिशत मात्र ११ पढन योग्य भएका थिए भने ५२ प्रतिशत अनुत्तीर्ण भएका थिए । बोर्डले पुनर्योगका लागि निवेदन दिन निर्धारण गरेको समयमा १९ हजार ६०० विद्यार्थीले निवेदन दिएका थिए जसमध्ये ९ हजार ६४६ जनाको परीक्षाफल सार्वजनिक हुँदा सो स्थिति देखा परेको छ । पुनर्योग गदृ दशलमवमा अंक फरक पर्नु स्वभाविक मान्न सकिन्छ तर एनजी आएकाको ४ जीपिए प्रश्नको ओइरो नै लागेको छ । यसलाई मानवीय त्रुटिको नाम मात्र दिनु हुँदेन । भविष्यसँगको खेलबाडका रुपमा दिनु पर्दछ । नतिजा प्रणाली कमजोर रहेको प्रष्ट हुन्छ, यसबारे छानबिनका साथै दण्डित गर्ने व्यवस्था हुनु पर्छ ।

# बिपी: अग्रगमनका लागि ऊर्जा



विपुल पोखेल

बिपी कोइरालाका दुईवटा भनाइ, जो सधैँ चर्चामा पनि रहे र जस्लाई सधैँ विवादित बनाउन एउटा पक्ष लागि पनि रह्यो, ती भनाइ आज पनि अत्यन्त सान्दर्भिक रहेका छन् । 'राजा र मेरो घाँटी जोडिएको छ' भन्ने भनाइ र 'पञ्चहरु कांग्रेससँग नतर्स, कांग्रेसहरु पञ्चहरुसँग नझस्क' भन्ने बिपीको  तत्कालीन समयलाई दिशाबोध गर्ने भनाइ अहिलेको अवस्थामा पनि मननीय छन् । समकालीन राजनीतिको विश्लेषणका आधारमा बिपीले व्यक्त गरेका यी भनाइहरुको मर्म बुझ्दै त्यसको गहनतामा पुगेर आत्मबोध गर्न सक्यौँ भने हामीलाई समाजको समकालीन अवस्थाको विश्लेषण गर्दै समस्याको पहिचान गर्न र ती समस्यालाई सम्बोधन गर्नका लागि राष्ट्रिय एकता निर्माण गर्न मद्दत पुग्नेछ ।

बिपीको राजनीतिको विशेषता भनेको नागरिक अधिकार, राष्ट्रियता र आर्थिक, सामाजिक समानता नै हो ।

यी त्रिवेणीभन्दा बाहिर गएर बिपीले कुनै निर्णय गरेनन्, कुनै सम्झौता गरेनन् र यी त्रिवेणीको पक्षमा जस्तोसुकै जोखिममा पनि दृढताका साथ उभिए । एकपटक बिपीलाई सोधियो, 'तपाईंको यो लोकप्रियताका कारण के हो भन्ने लाग्छ ?' भनेर । बिपीले सङ्क्षिप्त जवाफ दिँदै भनेका थिए कि 'मैले राष्ट्रियताको चुरो पकडेको छु, सायद त्यसैले होला ।' २०३३ सालमा देशमा सङ्घर्ष पनि उठ्न नसकेको अवस्था, संवाद पनि बन्द भएको अवस्था, राजनीतिक सङ्गठन (प्रशिक्षणजस्ता कार्यक्रमका साथ जनतामा पुग्ने क्रम) पनि कमजोर भएको अवस्थामा मात्र होइन, दक्षिण एसियाकै राजनीति षडयन्त्र र हस्तक्षेपका आधारमा अगाडि बढिरहेको सन्दर्भको विश्लेषण गर्दै नेपालको राष्ट्रियता खतरामा पर्ने र जनपक्षीय राजनीति कमजोर हुने देखेर बिपी कोइराला नेपाल फर्किए ।

मेलमिलापको नीतिका साथ फर्किएका उनले त्यो नीतिको व्याख्या गर्ने क्रममा भनेका थिए कि 'राष्ट्रियताका सवालमा राजाको घाँटी र मेरो घाँटी एकै ठाउँमा छ ।

' यो उनको भनाइलाई एउटा पक्षले अत्यन्त विवादास्पद बनाउन खोज्यो तर बिपीको त्यो भनाइको मर्म बुझ्ने कोसिस उनीहरुले गरेनन्, त्यो भनाइको गहनता खोज्ने प्रयास गरेनन् र त्यो भनाइले नेपालको राष्ट्रिय एकताको ढोका खुला गरेको ऐतिहासिक परिवेशलाई बुझ्नै सकेनन् वा चाहेनन् ।, तर अहिले उनीहरु पनि क्रमशः राष्ट्रिय एकताको ढोका खोल्न बिपीको मेलमिलापको नीति र उनको राजासँग घाँटी जोडिएको विश्लेषणसँग सहमत देखिँदैछन् ।

देश रह्यो भने आन्तरिक प्रतिस्पर्धा गर्ने हो । घरेलु शक्तिहरुबीचको प्रतिस्पर्धा त देशलाई समृद्धिको मार्गमा लैजाने कार्यक्रम कसले राम्रो ल्याउने भन्ने कुरामा हो, नागरिकको अधिकार कसरी सुनिश्चित र उपयोगी बनाउन सकिन्छ भन्ने कुरामा हो, राज्य प्रदत्त सेवासुविधामा कसरी समान पहुँच स्थापित गर्न सकिन्छ भन्ने कुरामा हो । त्यस्तै, पिछडिएका, सीमान्तकृत नागरिकको राज्य सञ्चालनमा सहभागिताको सुनिश्चितता कसरी गर्ने भन्ने कुरामा हो । यो कुरामा सधैँ प्रतिस्पर्धा गर्दै राम्रो नीति वा कार्यक्रमलाई जनअनुमोदन गरी लागू गर्ने अभ्यास नै बहुदलीय लोकतान्त्रिक अभ्यास हो । यो प्रक्रियामा हुने प्रतिस्पर्धाको प्रतिक्रियास्वरुप वा आवेगमा आएर राष्ट्रिय हितको विषयमा पनि एक ठाउँमा उभिन नसक्नु भनेको अलोकतान्त्रिक र सर्वसत्तावादी चिन्तन हो ।

बिपीले आफूलाई धेरै अप्ठ्यारा परिस्थितिमा समेत लोकतान्त्रिक चरित्र प्रदर्शन गरेका थुप्रै दृष्टान्तहरु छन् । उनी यो सन्दर्भमा कहिले पनि लोकप्रिय हुने चाहना राखेनन्, सही मार्ग र निर्णयतर्फ नै अग्रसर रहन चाहे ।

देश डुब्नै लाग्दा, नेपालको नक्सा नै नरहेन अवस्थामा उनले 'मलाई थुनेर अपदस्थ गर्ने राजा वा राजसंस्थासँग मेलमिलाप गर्दिन' भनेर अड्डी लिएको भए नेपाल सिक्किम हुने अवस्थामा उन्मुख हुँदै थियो । त्यो 'व्यक्तिगत इगो' लाई तिलाञ्जलि दिएर राष्ट्रियताका लागि र देशभित्र आफ्नो उपस्थितिसँगै जनपक्षीय राजनीतिमा आउने उत्साहका लागि बिपीले राजासँग घाँटी जोडिएको अभिव्यक्ति दिएर अप्ठ्यारो परिस्थितिमा नेपालका घरेलु शक्तिहरु एकै ठाउँमा उभिन्छन् भन्ने स्पष्ट सन्देश विश्वसामु दिए ।

> एकपटक बिपीलाई सोधियो, "तपाईंको यो लोकप्रियताका कारण के हो भन्ने लाग्छ ?" भनेर । बिपीले सङ्क्षिप्त जवाफ दिँदै भनेका थिए कि "मैले राष्ट्रियताको चुरो पकडेको छु, सायद त्यसैले होला ।

अहिले पनि देशभित्रका घरेलु शक्तिका बीचमा बलियो एकता बन्न सकिरहेको छैन । राष्ट्रिय हितहरुमा सबै एकै ठाँउमा उभिन सकिरहेका छैनन् । आफ्नो स्वार्थ प्राप्तिका लागि छिमेकी मुलुकहरुमा बिन्ती चढाउने संस्कृति बिद्यमान नै छ । नेपाली एकता, नेपाली स्वाभिमान, नेपाली अखण्डता, नेपाली सद्भाव र नेपाली सहनशीलतालाई बिथोलेर अराजक अवस्था सिर्जना गरी त्यही अराजकताका बीचबाट आफ्नो लाभ देख्ने संस्कृति व्याप्त छ । यो संस्कृतिले राष्ट्रिय एकतालाई खण्डित गर्ने काम मात्र गर्नेछ । यतिबेला बिपीले राजासँग घाँटी जोडिएको अभिव्यक्ति दिएर त्यतिबेलाको बलियो घरेलु शक्तिसँग राष्ट्रिय एकताका सवालमा आफ्नो घाँटी जोडिएको भने झैँ अहिलेका मुख्य घरेलु शक्तिहरुका बीचमा पनि न्यूनतम सहमति कायम गरी अगाडि बढ्ने संस्कृति देखिन थालेको छ ।

गठबन्धनका नाममा दलहरु एकै ठाउँमा उभिने स्थिति निर्माण भएको छ । यसलाई एक प्रकारले घरेलु शक्तिका बीचमा न्यूनतम सहमतिको खोजी गर्ने अभ्यासका रुपमा विश्लेषण गर्न सकिन्छ । तर त्यो गठबन्धनको लक्ष्य कसैलाई सिध्याउने मात्र हुनु हुँदैन । निश्चित र घोषित उद्देश्यहरु कार्यान्वयनका लागि गठबन्धन हो भन्ने प्रस्ट सन्देश दिन सक्नु पर्दछ । 'राष्ट्रियताको सवालमा राजा र मेरो घाँटी जोडिएको छ' भन्दै नेपाल नरहे तिमी कहाँको राजा र म कहाँको नागरिक ? भन्ने प्रश्न उब्जाएर देश बचाउने अभियानमा तत्कालीन बलियो शक्तिलाई राष्ट्रियताको विषयमा गम्भीर हुन 'प्रेरित' गर्ने बिपीको त्यो अभिव्यक्ति अहिलेका ठूला र बलिया शक्तिलाई 'प्रेरित' गर्नका लागि पनि उत्तिकै महत्वपूर्ण छ ।

त्यसैगरी, अर्को बिपीको अभिव्यक्ति भनेको ' पञ्चहरु कांग्रेससँग नतर्स, कांग्रेसहरु पञ्चहरुसँग नझस्क' भन्ने भनाइको मर्म पनि यो बेलामा सबैका लागि अनुकरणीय हुन पुगेको छ । पञ्चायतसँग बिपी मिल्न लागेको भनेर प्रचार गर्नेहरुले यो अभिव्यक्तिको पनि अपव्याख्या गर्दै देशभर नै प्रशिक्षण चलाए । २०३७ सालको जनमत सङ्ग्रहपछि बिपीले व्यक्त गरेको यो अभिव्यक्तिको अर्थ भनेको राजनीतिमा हुने विचारको लडाइँलाई व्यक्तिगत झगडा बनाएर देशका नागरिकहरुका बीचमा लडामाती नहोस् भन्ने थियो । जनमत सङ्ग्रहमा नीलो र पहेँलोमा भोट हालेका आधारमा नेपाली जनताका बीचमा कुनै कलह नहोस् र आपसी सौहार्द्रता एवं सामाजिक सद्भाव नबिथोलियोस् भन्ने कुरामा जिम्मेवार भएर बिपीले गरेको अपिल हो त्यो ।

विचारको लडाइँको प्रतिनिधित्व नेतृत्वले गर्ने हो । त्यो विचारको बलमा नेतृत्वले कार्यक्रम दिने हो । त्यो विचार र कार्यक्रममा सहमत राख्ने नागरिकहरुले त्यो नेतृत्वलाई पृष्ठपोषण गर्ने हो । यो प्रक्रियामा एउटै समाजमा बसेका नागरिक नागरिकका बीचमा कलह हुनु हुँदैन, झगडा हुनु हुँदैन र सामाजिक बहिष्करणको मारमा कोही नेपाली नागरिक पर्नु हुँदैन भन्ने सन्देश प्रवाहित गर्न बिपीले त्यो अभिव्यक्ति दिएका हुन् ।

निर्वाचनमा नीलोमा भोट हाल्ने पनि र पहेँलोमा भोट हाल्ने पनि नेपाली नै हुन्, उनीहरु आपसमा कलह गर्नु हुँदैन । निरङ्कुशताको स्रोतमा प्रहार गर्ने हो, नागरिक नागरिकबीच कलह गर्ने होइन, भन्ने अपिलका साथ बिपीले व्यक्त गरेको सो अभिव्यक्तिलाई विवादित बनाउनेहरुले रोपेको बीउले नै अहिलेसम्म पनि सामाजिक सद्भाव र जनस्तरको एकतामा समेत समस्या पैदा गर्न थालेको छ । बिपीले त्यतिबेला कांग्रेस र पञ्चका कार्यकर्ताहरुका बीचमा लडाइँको आगो सल्काउन सक्थे र त्यसरी जन्मेको हिंसाको अवस्थामा आफ्नो राजनीतिक लाभ खोज्ने बाटो पनि रोज्न सक्थे । तर उनले त्यसो गरेनन्, आफ्नो स्वार्थ राष्ट्रिय एकता र नेपाली सद्भावभन्दा ठूलो कुरा होइन भन्नेमा उनी स्पष्ट रहे, सधैँ स्पष्ट देखिए । जातिका नाममा, भूगोलका नाममा नेपाली नेपालीलाई लडाउने काम बन्द गरी देशमा सद्भाव र बलियो एकता निर्माण गर्नका लागि बिपीको त्यो अभिव्यक्तिलाई सकारात्मक रुपमा ग्रहण गर्न सक्नु पर्दछ । यसो गरियो भने मात्र बिपीको स्मरण गरेको र उनको सालिक वा फोटोमा माल्यार्पण गरेको अर्थ रहन्छ ।

मुलुकले धेरैपटक राजनीतिक लडाइँमा ठूलो मूल्य चुकाइसकेको छ । राजनीतिक अधिकार स्थापित गर्ने सवालमा हामी धेरै अगाडि बढी पनि सकेका छौँ । गणतन्त्रको यात्रा तय गरेर गणतन्त्रलाई अभ्यासमा ल्याउनका लागि संविधान बनाइसकेका छौँ र गणतन्त्र कार्यान्वयनका दिशामा अगाडि पनि बढिसकेका छौँ । अबको यात्रा भनेको समृद्धिको यात्रा नै हो । यो यात्रामा साझा प्रयत्न जरुरी हुन्छ । यसका लागि बिपीले भने झैँ घरेलु शक्तिबीचको एकता र नागरिकस्तरमा सद्भावपूर्ण अवस्था जरुरी हुन्छ । सहअस्तित्व र सबैले सबैलाई स्वीकार गर्ने संस्कृतिको प्रवर्द्धनको दिशामा हामी हिड्न सक्नुपर्दछ ।

संविधानले नै समाजवादतर्फ उन्मुख हुनका लागि सबैलाई प्रेरित गरेको छ । बिपीले नेपालका सन्दर्भमा समाजवाद भनेर नेपाली परिवेशको व्याख्या गर्दै १७ बुँदे कार्ययोजना अगाडि सारेका थिए । त्यसलाई समयानुकूल बनाउँदै अगाडि बढ्दा समाजवादको यात्रामा अघि बढ्न सकिन्छ । गाउँका नागरिकको मुहारमा हाँसो ल्याउने योजना र कार्यक्रम नै समाजवादी कार्यक्रम हो भनेर बिपीले पटकपटक भन्ने गरेका थिए ।

अबको लक्ष्य समाजवादतर्फको यात्रा नै हुनुपर्दछ । राजनीतिक परिवर्तनलाई संस्थागत गर्नका लागि आर्थिक क्रान्ति अनिवार्य हुन्छ । त्यसका लागि देशभित्रका शक्तिहरुबीचमा हुनुपर्ने न्यूनतम् सहकार्य जरुरी हुन्छ ।

सहकार्यको संस्कृति निर्माणका लागि र समाजवादी यात्रा तय गर्न बिपीले सधैँ प्रेरित गरिरहेका छन् । त्यो प्रेरणा अहिलेका घरेलु शक्तिहरुले प्राप्त गर्न सके भने त्यो नै अग्रगमनका लागि ऊर्जा हुनेछ । (लेखक नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष हुनुहुन्छ)रासस

# हराउँदै गएको विद्धत् पूजा परम्परा

इतिहासको खोज र लेखनमा आजीवन आफूलाई समर्पित गरेका साधक ज्ञानमणि नेपालले ९२ वर्षको उमेरमा भौतिक देह त्याग गरेको धेरै समय भएको छैन । उनको साधनाबाट तीन दर्जनभन्दा बढी इतिहासका महत्वपूर्ण ग्रन्थहरु नेपाली समाजले प्राप्त गर्नु सामान्य उपलब्धि होइन । नेपाल देशको नाम कसरी नेपाल रहन पुग्यो भन्ने विषयको जिज्ञासा मेट्न उनले लेखेको "नेपाल निरुक्त" र "नेपालनिरुपण" पढे पुग्छ ।

इतिहासमा लामो कालखण्ड नेपाली राजनीतिको केन्द्रको रुपमा रहेको राजदरबारभित्र हुने गरेका षडयन्त्र, काटमार र खतरनाक खेलचुक्लीले देश कहाँ पुग्यो भन्नेबारे जिज्ञासा मेट्न उनको "नेपालको महाभारत" पढे पुग्छ ।

यस्ता महत्त्वपूर्ण इतिहासका ग्रन्थहरु देशका लागि समर्पण गरेर भौतिक रुपमा यो संसारसँग विदा माग्ने बेलामा पनि उनको सक्रिय चेतनाले नेपालको इतिहाससम्बन्धी चिन्ता ब्यक्त गरिरहेको उनीसँग भेट गर्न जानेहरुको अनुभव पढ्दा र सुन्दा थाहा हुन्छ । तर एउटा दुःखको कुरा के भने यतिका वर्ष इतिहासकार ज्ञानमणि नेपालले देशको इतिहास अन्वेषण र लेखनमा आफूलाई समर्पण गरे तापनि उनलाई राष्ट्रिय स्तरका पुरस्कार र सम्मान मिलेको खबर सुन्ने, हेर्ने र पढ्ने अवसर पाइएन । उनको छाँतीमा तक्मा सजिएको पनि देख्न पाइएन । यस अर्थमा ज्ञानमणि नेपालले देशका लागि जे जति दिए, बरु जीवनमा केही नलिई गए । सायद गीताको निष्फल कर्मप्रति उनलाई विश्वास थियो, त्यसैले यसबारे उनले कतै कहीँ गुनासो गरी लेखेको वा अन्तर्वार्ता दिएको पढ्न, हेर्न र सुन्न पाइएको छैन ।

ज्ञानमणि नेपालजस्ता सच्चा साधकले पुरस्कार वा सम्मान मागेर हिड्न पनि सुहाउने कुरा पनि भएन । यो त पुरस्कार तथा सम्मानका संस्थापक र ब्यवस्थापकहरु स्वयम्ले मूल्याङ्कन गर्ने पक्ष हो । तर इतिहासकार नेपालको जीवनभर उनको पक्षमा यस्तो मूल्याङ्न भएको देखिएन । अर्का इतिहासकार दिनेशराज पन्तका शब्दमा इतिहासकार नेपाल मुर्खमण्डलीको घेराबन्दीमा परे । मुर्खमण्डलीले इतिहासकार नेपालको योगदानको बारेमा सोधीखोजी गर्न आवश्यक नै ठानेन ।

**हराउादैछ विद्वत पूजा परम्परा**

राजा जनक यस्ता राजा थिए, जसको दरबारमा विद्वानहरुको नियमित जमघट हुन्थ्यो, शास्त्रार्थ चल्थ्यो । शास्त्रमा ठूलो विश्वास थियो, राजा जनकमा । राजा जनककै समयमा एउटा अत्यन्तै तीक्ष्ण दिमागका किशोर थिए । उनको शरिर आठ ठाउँमा बाङ्गिएकाले उनको नाम नै अष्टाबक्र थियो । शरिर अनाकर्षक र कुरुप भए पनि अष्टाबक्र साधनाले खारिएको दार्शनिक र शास्त्रज्ञानी थिए ।

एक दिन राजा जनक घुम्न निस्किएका थिए । उनले बाटामा ऋषि भेषधारण गरेका एक ब्यक्तिलाई देखे । उनी तत्कालै घोडाबाट ओर्ले, र ऋषिलाई प्रणाम गरे । तर ऋषिको अत्यन्तै अनौठो र अनाकर्षक शरिर देखेर राजा जनक तीनछक्क परे । अष्टाबक्रले थाहा पाइहाले कि, राजा जनकले आफ्नो शरिर देखेर आफूप्रति घृणाको धारणा बनाइरहेछन् ।

त्यसपछि उनले राजा जनकलाई भने,"हे, राजन् ! कुनै पनि मन्दिर टेढो भएर त्यो माथिको आकास टेढो हुँदैन । कुनै पनि मन्दिर गोलो वा लाम्चो हुँदैमा आकास पनि गोलो वा लाम्चो हुने होइन । किनकी आकासको मन्दिरसँग कुनै सम्बन्ध हुँदैन । आकास मन्दिरजस्तो आकारयुक्त हुँदैन, निराकार हुन्छ । त्यस्तै आत्मा पनि निराकार हुन्छ । आत्मा आकासजस्तै निराकार भएकैले नित्य हुन्छ, तर शरिर अनित्य हुन्छ । शरिरको बाङ्गोटिङ्गो आकार आत्मामा आउन सक्दैन । त्यसैले हे, राजन् ! ज्ञानीहरुसँग आत्मदृष्टि रहन्छ भने अज्ञानीसँग केवल चर्मदृष्टि रहन्छ । चर्मदृष्टि त्यागेर आत्मदृष्टि ग्रहण गरी जब हेरिन्छ, तब चित्तबाट घृणा दूर भएर जान्छ । चर्मदृष्टिबाट त अज्ञानीले मात्रै हेर्छ, ज्ञानीहरुले चाहिँ आत्मदृष्टिबाट हेर्छ ।"

अष्टाबक्रको यस्तो विद्वत वाणीले राजा जनक तत्काल पग्लिहाले । उनले अष्टाबक्रलाई आफ्नो दरबारमा आउन निम्तो दिए । आफ्नो दरबारमा सम्मानजनक आसनमा बसाई राजा जनकले अष्टाबक्रसँग अनेकौं जिज्ञासाहरु राखे । उनै राजा जनकको प्रश्न र अष्टाबक्राको उत्तरले कालान्तरमा "अष्टाबक्र गीता"को जन्म भयो ।

> हाम्रो देशमा विद्वानहरुसँग नजिक हुने, उनीहरुसँग जिज्ञासा राख्ने र उनीहरुबाट ज्ञान र दर्शनहरु सङ्ग्रह गर्ने परम्परा क्रमशः हराउँदै जान थालेको छ । त्यसमाथि पनि ज्ञानमणि नेपालजस्ता विद्वत इतिहासकारहरुले बडो मेहनत गरेर तयार पारिदिएका ग्रन्थहरु पढ्ने, त्यसको विश्लेषण गर्ने र पाठ सिक्ने परम्परा अब एकादेशको कथाजस्तै हुन पुगेको छ । यस्तो परम्परा कायम रहे देशमा मुर्ख वा तजबिजी पुस्ताको मात्रै जन्म हुनेछ । विद्वत् पूजा परम्परा हराउँदै जाँदा बौद्धिक जगत पाखा पर्दै जानेछन् । देश र समाजलाई मार्गदर्शन गर्ने पक्ष पाखा पर्दै जाने क्रम जारी रहे देश कहाँ पुग्ला ?

यसलाई पूर्वीय दर्शनमा महत्त्वपूर्ण ग्रन्थ मानिन्छ । उनै अष्टाबक्रजस्ता विद्वत प्रतिभाहरुको कदर गर्ने भएकाले राजा जनकको नाम आज पनि श्रद्धाका साथ लिइन्छ । हाम्रो देशमा विद्वानहरुसँग नजिक हुने, उनीहरुसँग जिज्ञासा राख्ने र उनीहरुबाट ज्ञान र दर्शनहरु सङ्ग्रह गर्ने परम्परा क्रमशः हराउँदै जान थालेको छ । त्यसमाथि पनि ज्ञानमणि नेपालजस्ता विद्वत इतिहासकार हरुले बडो मेहनत गरेर तयार पारिदिएका ग्रन्थहरु पढ्ने, त्यसको विश्लेषण गर्ने र पाठ सिक्ने परम्परा अब एकादेशको कथाजस्तै हुन पुगेको छ । यस्तो परम्परा कायम रहे देशमा मुर्ख वा तजबिजी पुस्ताको मात्रै जन्म हुनेछ । विद्वत् पूजा परम्परा हराउँदै जाँदा बौद्धिक जगत पाखा पर्दै जानेछन् । देश र समाजलाई मार्गदर्शन गर्ने पक्ष पाखा पर्दै जाने क्रम जारी रहे देश कहाँ पुग्ला ?

**विद्वत् पूजाको दूर्लभ अभियान**

एक जना अभियन्ता छन्, जो लामो समयदेखि विद्वत पूजा अभियानमा एक्लै जस्ता छन् । उनी हुन्, शेषराज शिवाकोटी । लामो समय न्यायसेवामा समर्पित उनी हाल सेवानिवृत्त छन् । उनी विद्वत पूजालाई नै आफ्नो धर्म र कर्म ठान्दै स्वयम्सेवा गरिरहेछन्, लामो समयदेखि । शिवाकोटी बेलाबेलामा विद्वत ब्यक्तित्वहरुको सम्मान गर्छन् र उनीहरुलाई केवल ताम्रपत्र र दोसल्लाले सम्मान गरेर औपचारिकता मात्र निर्वाह गर्दैनन्, सम्मानीत प्रतिभाको अभिनन्दन ग्रन्थ नै प्रकाशित गर्छन् । एकै व्यक्तिको अभिनन्दन ग्रन्थको स‹्या धेरै पनि हुनसक्छ । उदाहरणका लागि, एकै जना विद्वान नयराज पन्तको विषयमा उनले ३० अङ्क अभिनन्दन ग्रन्थ प्रकाशित गरेका छन् । जीवित हुँदा १० र निधनपछि २० अङ्क अभिनन्दन ग्रन्थ प्रकाशित भए । यस्तै रोचक घिमिरेबारे १० र धनबज्र बज्राचार्यबारे नौ अङ्कसम्म अभिनन्दन ग्रन्थ प्रकाशित गरेर विद्वत पूजा परम्परालाई धानेका उनले प्रकाश दर्नालसम्म आइपुग्दा अभिनन्दन ग्रन्थ प्रकाशन हुने "ज्ञानगुन"ले दुई सय २४ अङ्क पार गरिसकेको छ ।

नारायणगोपाल र पारिजातको निधनपछि यस्ता स्मृति र अभिनन्दन ग्रन्थ प्रकाशनमा ल्याउने चलन चलाएका उनले जीवित ब्यक्तित्त्वहरुको पनि अभिनन्दन ग्रन्थ प्रकाशित गर्न पर्छ भन्ने मान्यताका साथ प्रशिद्ध हास्यब्यङ्ग्यकार बासुदेव लुइँटेलबाट यस्तो चलन सुरु गरे ।

हालै भौतिक रुपमा यो संसारबाट टाढा हुन पुगेका इतिहासकार ज्ञानमणि नेपालका बारेमा पनि तीनवटा अभिनन्दन ग्रन्थ शिवाकोटीले प्रकाशनमा ल्याए । शिवाकोटीले २०७९ माघ २७ गते श्रीपञ्चमीमा "ज्ञानगुन"को दुई सय ११ औं अङ्कलाई इतिहासकार नेपालको औँ शुभजन्मोत्सव अङ्कका रुपमा प्रकाशित गरेर नेपालको ९१ औं जन्म दिनलाई भब्यता प्रदान गरेका थिए ।

यसरी विद्वानहरुको पूजा परम्परा कायम राख्दा शिवाकोटीले ब्यहोर्नु परेको अवस्थाको बान्की पनि अचम्मको छ । कुनै बेला नयराज पन्तको स्मृतिमा कार्यक्रम आयोजना गर्दा एउटा सानो कोठामा आफूसहित सात जना मात्रै भेला हुनु परेको पनि शिवाकोटीका लागि बिर्सिनसक्नुको घटना हुन पुगेको छ । हुन त असल मानिसहरुको सानो जमात् मुर्खमण्डलीको ठूलो भीडभन्दा कैयौँ गुणा उत्तम हुन्छ । मुर्खको उपदेशभन्दा विद्वानको गाली महिमायोग्य र उपयोगी हुन्छ । सिद्धार्थ गौतम जब ज्ञान प्राप्त गरेपछि बुद्ध बने, त्यसबेला उनको उपदेश सुन्ने केवल चार जना मात्रै थिए । तिनै चार जना बुद्धको सन्देश बोकेर चारैतिर फैलदा बुद्धका अनुयायीहरु प्रशस्तै जन्मिए । विद्वत् पूजा परम्परा धानिरहेका शिवाकोटीजस्ता दुर्लभ अभियन्ताहरुलाई पनि राज्य र समाजले चिन्न आवश्यक छ ।

**केका लागि विद्वत् पूजा ?**

समाजका घटनालाई सुक्ष्मतम दृष्टिकोणले अध्ययन गर्ने र अनुभवहरुलाई समेत निफनेर घटनाका कारणहरु पत्ता लगाउने काम समाज विज्ञानका विद्वानहरुले गर्ने गर्छन् । समाजका घटना र अनुभवहरुको अध्ययन र विश्लेषणबाटै सामाजिक दर्शन र सिद्धान्तहरुको प्रतिपादन हुन्छ । यसका लागि विशेष धैर्यता, बुद्धि र मेहनत आवश्यक हुन्छ ।

साधनाबिना यस्ता कठिन काम सम्पन्न हुन सक्दैन । मानिसले एउटै दर्शन वा सिद्धान्त प्रतिपादन गर्न पनि सम्पूर्ण जीवन समर्पण गरेको उदाहरण प्रशस्तै पाउँछौं ।

विद्वत् वर्गबाट प्रतिपादित दर्शन वा सिद्धान्तले समाज र राज्यलाई उचित दृष्टि दिन्छ । यसले शान्ति, प्रगति, उन्नति र भातृत्वको विकासमा सयोग पुऱ्याउँछ । त्यसैले विद्वत् वर्गबाट राज्य र समाज ऋणी हुन्छ । त्यहीँ ऋण चुक्ता गर्न पनि विद्वत पूजा परम्पराको आवश्यकता हुन्छ । जुन देशमा विद्वत पूजा हुन्छ, त्यो देश जहिल्यै प्रगतिपथमा लम्केको हुन्छ । इतिहासकार ज्ञानमणि नेपालले आफ्नो बुद्धि र साधनाले देश र समाजलाई ऋण बोकाएर गएका छन् । (लेखक पत्रकार हुनुहुन्छ)रासस

# मुलुक र जनताको चाहनाअनुसार संविधान संशोधन गर्नुपर्छः नेता महतो

काठमाण्डु । जनता समाजवादी पार्टीका नेता वीरेन्द्रप्रसाद महतोले मुलुकमा भ्रष्टाचार र अनियमितताले जरो गाडेको र जनताले सहज रूपमा सेवा नपाउने अवस्था रहेकाले त्यसमा तत्काल सुधार जरूरी रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले राख्नुभएको समस्या समाधानका लागि सबैपक्षको साझा सहमतिमा जोड दिनुभयो। मुलुक र जनताको चाहनाअनुसार संविधान संशोधन गर्नुपर्नेमा भन्नुहुँदै उहाँले प्रधानमन्त्री ओलीले पछिल्ला दिनमा राख्नुभएको विचारको पक्षमा रहेको धारणा राख्नुभयो।

सांसद महतोले आफ्नो पार्टीले प्रधानमन्त्रीलाई



विश्वासको मतसम्बन्धी प्रस्तावको छलफलमा माग लिनुहुँदै महतोले भ्रष्टाचारको जरो चौतर्फी रूपमा फैलिइरहेकाले त्यसलाई नियन्त्रणका लागि सबै राजनीतिक दल एक भएर अगाडि बढ्नुपर्ने बताउनुभयो।

उहाँले पार्टी र आफ्नो स्वार्थभन्दा माथि उठेर मुलुकको विश्वासको मत दिने जानकारी दिनुहुँदै जनतालाई चाहिने न्यूनतम आवश्यकता सम्बोधन गर्न सरकार कटिबद्ध हुने विश्वास व्यक्त गर्नुभयो। सरकारले राम्रो काम गर्नेमा आफू र आफ्नो पार्टी आशावादी रहेको पनि नेता महतोले उल्लेख गर्नुभयो ।रासस

# रहरले नभई आवश्यकताले संविधान संशोधन: प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनीय दस्तावेज रहेको र जनताको आवश्यकतालाई मध्यनजर गर्दै परिमार्जन गर्न सकिने बताउनुभएको छ।



प्रतिनिधिसभाको आइतबारको बैठकमा उहाँले विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनुहुँदै प्रधानमन्त्री ओलीले आवश्यकता र औचित्य पुष्टि हुनेगरी सकभर सर्वसम्मतिबाट संविधान संशोधन हुने बताउनुभएको हो।

"संविधान संशोधनीय, गतिशील र जीवन्त दस्ताबेज हो । यो आवश्यकता र जनताको मागअनुसार संशोधन हुन्छ। संशोधन रहरको विषय होइन । आवश्यकताको विषय हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "कुनै आग्रह पुर्वाग्रह राखेर संविधान संशोधन यस्तो-उस्तो गर्ने भन्दैनौ। देशको आवश्यकता, विकासका माग सम्बोधनका लागि जे गर्दा उपयुक्त त्यहि गर्नुपर्छ।"

संसदमा रहेका सबै दलको सहमतिको साथ नै संविधान संशोधन हुने अपेक्षा प्रधानमन्त्री ओलीले व्यक्त गर्नुभयो।

"संविधान निर्माणका बखत पनि सर्वसम्मत भएको थिएन। पहिलो संशोधनका बेला पनि सर्वसम्मति थिएन। जो जसका जे जस्ता विचारधारा भएपनि हामी एक ठाउँमा आउन सक्छौं । यदि आउन सकिएन भने संविधानले आफ्नो प्रक्रिया आफ्नो निर्धारण गरेको छ", उहाँले भन्नुभयो। देश र जनताको हितको पक्षमा तथा अग्रगमनको पक्षमा रहनेगरी संविधान संशोधन प्रक्रिया अघि बढ्ने उहाँको भनाइ छ। त्यस्तै, लोकतन्त्रको रक्षा र सुदृढीकरण, सुशासन प्रवर्द्धन र विकास तथा समृद्धिका लागि संविधान संशोधन हुने प्रधानमन्त्री ओलीले भन्नुभयो।

संसदमा आएका राम्रा सुझावलाई ग्रहण गर्ने र आक्रोश, उत्तेजना तथा गालीगलौजलाई आफूले बिर्सिने प्रधानमन्त्रीले बताउनुभयो । त्यस्तै भ्रष्टाचार नगर्ने र गर्न नदिने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । प्रतिशोधको राजनीति आफूले नगर्ने र आफूलाई पनि सह्य पनि नहुने उहाँले बताउनुभयो ।रासस

# 'मुलुकका समस्या समाधान गर्ने सर्तमा नयाँ सरकारलाई समर्थन'

काठमाण्डु । सङ्घीय संसद्का तीन साना दल जनमत पार्टी, जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले मुलुकका विद्यमान समस्या समाधान गर्ने र राजनीतिक स्थिरता कायम गर्ने सर्तमा नयाँ सरकारलाई समर्थन गर्ने बताएका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले राख्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावको छलफलमा भाग लिँदै ती दलका नेताहरूले उल्लेखित सर्तका हुन नसकेकोमा खानले दुःख व्यक्त गर्नुभयो। "अहिले हाम्रा अगाडि धेरै चुनौती छन्, ती चुनौतीलाई यो सरकारले पार गर्नेछ भन्ने अपेक्षाका साथ विश्वासको मतको पक्षमा मतदान गर्नेछौं", खानले भन्नुभयो।

त्यस्तै, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संसद्का दुई ठूला दल नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मिलेर सरकार बनेको र राजनीतिक दललाई सुध्रिनका लागि यो अन्तिम अवसर रहेको धारणा राख्नुभयो। दुई ठूला दलको सरकार असफल भएमा र यो सहकार्य लामो समय जान नसकेमा त्यसपछिको



# सरकारले मुलुक र जनताको समस्यालाई केन्द्रमा राख्नुपर्छ : सांसदहरू

काठमाण्डु । नागरिक उन्मुक्ति पार्टीका सचेतक गङ्गाराम चौधरीले सङ्घीय लोकतान्त्रिक शासन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै जनतालाई परिवर्तनको अनुभूति दिलाउनेतर्फ सबै गम्भीर हुनुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले राख्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावको छलफलमा भाग लिनुहँदै उहाँले कमैया, गरिब, दलित, जनजातिको समस्या समाधान गर्न सरकार जिम्मेवारीपूर्वक लाग्नुपर्ने खाँचो औँल्याउनुभयो । सचेतक चौधरीले संविधान संशोधन हुनुपर्छ भन्ने पार्टीको स्पष्ट धारणा रहेको बताउनुभयो। उहाँले नागरिकले अपेक्षा गरेको स्थिर सरकारका लागि पार्टीले प्रधानमन्त्री ओलीको पक्षमा मतदान गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले पटक-पटक सत्तामा पुग्ने पार्टी र नेतृत्वले आफैँले गरेका सहमति र सम्झौताअनुरूप जनताको पक्षमा काम गर्न नसकेको जिकिर गर्नुभयो । उहाँले आर्थिक समानता, सामाजिक न्याय र शान्तिको पक्षमा सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । सांसद सुवालले प्रधानमन्त्रीलाई विश्वासको मत नदिने जानकारी गराउनुभयो।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले मुलुकमा सुशासन प्रवर्द्धन र आर्थिक समृद्धिको यात्रालाई अगाडि बढाउन वर्तमान सरकार गम्भीर भएर लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले जनताका समस्यालाई सम्बोधन गर्न सबै राजनीतिक दलहरू जिम्मेवार बन्नुपर्ने धारणा राख्नुभयो। सांसद केसीले अहिलेको परिस्थितमा प्रधानमन्त्रीलाई विश्वास मत नदिने पार्टीको निर्णय रहेको स्पष्ट पार्नुभयो।

आम जनता पार्टीका सांसद प्रभु साहले मुलुकमा विद्यमान समस्या समाधान गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो। ठूला राजनीतिक दलले राजनीतिक स्थायित्व, शान्ति, सुशासन र समृद्धिका लागि जिम्मेवार भएर लाग्नुपर्ने उहाँको भनाइ थियो । उहाँले अहिलेको अवस्थामा प्रधानमन्त्रीलाई विश्वासको मत दिन नसकिने बताउनुभयो।

स्वतन्त्र सांसद डा अमरेसकुमार सिंहले परिवर्तनको आकाङ्क्षालाई पूरा गर्दै मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले आमजनताको समर्थन रहेको अहिलेको सरकारलाई असफल हुने छुट नरहेको बताउनुहुँदै प्रधानमन्त्रीको पक्षमा विश्वासको मत दिने निर्णय गरेको बताउनुभयो ।सांसद योगेन्द्र मण्डलले पनि वर्तमान सरकारले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले संस्थागत प्रणालीको विकास गर्दै शिक्षा, रोजगारी, कृषि उत्पादन प्रवर्द्धन सरकारको प्राथमिकता हुनुपर्ने बताउनुभयो ।रासस

आधारमा प्रधानमन्त्री ओलीको पक्षमा मतदान गर्ने निर्णय गरिएको जानकारी दिनुभयो।

जनमत पार्टीका सांसद अब्दुल खानले धेरै नागरिकले शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्लगायत आधारभूत आवश्यकताबाट बञ्चित हुनुपरेको उल्लेख गर्नुहुँदै यी समस्या समाधानतर्फ सरकार केन्द्रित हुनुपर्ने बताउनुभयो।

त्यस्तै युवा विदेशिनेक्रम अझै नरोकिएकोले स्वदेशमै रोजगारी सिर्जनालाई सरकारले प्राथमिकतामा राखेर काम गर्नुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो। अहिलेको मन्त्रिपरिषद्मा दलित र मुस्लिम समुदायको प्रतिनिधित्व अवस्था पीडादायी र दुःखद् हुने उहाँको भनाइ थियो। अहिलेको सरकारले अपराधलाई राजनीतिक संरक्षण नहुने र राष्ट्रिय हितलाई हेरेर अन्तर्राष्ट्रिय नीति अवलम्बन गर्ने बताउनुभयो।

लोसपा नेपालका सांसद रामप्रकाश चौधरीले पनि अहिलेको समस्या समाधानका लागि पहल गर्ने विश्वाससहित आफ्नो दलले सरकारलाई समर्थन गर्न लागेको बताउनुभयो। वर्षायाममा बाढी, पहिरो, डुबान, चट्याङलगायत प्राकृतिक विपद् जोखिम न्युनीकरण, राहत तथा उद्धारका कामलाईं प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ ।रासस

# बदनियतपूर्ण ढङ्गले संविधान संशोधनको कुरा आयो : वर्षमान पुन

काठमाण्डु । निवर्तमान अर्थमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव वर्षमान पुनले नयाँ सत्ता गठबन्धनका दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले बदनियतपूर्ण ढङ्गले संविधान संशोधनको विषय उठाएको आरोप लगाउनुभएको छ।



प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले माग्नुभएको विश्वासको मतको विपक्षमा आफ्नो दल रहेको धारणा राख्नुहुँदै पुनले कुनै ठूला काण्ड ढाकछोप गर्न संविधान संशोधनको मुद्दा अघि सारिएको हुनसक्ने शङ्का व्यक्त गर्नुभयो।

"बेमौसममा संविधान संशोधनको कुरा आएको छ।

खराब र बदनियतपूर्ण तरिकाले सत्ता समीकरण बन्यो कि भन्ने प्रश्न उठिरहेको बेला केही कुरा छोप्न यो विषय ल्याइएको हो कि भन्ने आशङ्का छ", पुनले भन्नुभयो, "असल नियतले ल्याएको कुराभन्दा गलत तरिकाले सत्ता समीकरण भएको र त्यसलाई छोप्न संविधान संशोधनको कुरा अघि सारेको देखिन्छ। महिला, दलित, जनजातिले पाएका अधिकार खोस्न संशोधन गर्न खोजेको देखिन्छ।"

समानुपातिक निर्वाचन प्रणाली र साना दलका कारण राजनीतिक अस्थिरता देखिएको र यसलाई सच्याउन संविधान संशोधन आवश्यक रहेको भन्नेमा सत्यता नरहेको उहाँको भनाइ छ । विगतमा एकल दलको बहुमतको सरकार बन्दा पनि मुलुकमा राजनीतिक स्थिरता नदेखिएको उहाँले बताउनुभयो।

मुलुकको अर्थतन्त्रमा केही शिथिलता रहेको भए पनि चर्को निराशाको अवस्था देखाउन प्रधानमन्त्रीले संसद्मा मिथ्याङ्क प्रस्तुत गरेको आरोप पुनले लगाउनुभयो । "वर्तमान प्रधानमन्त्रीको नेतृत्वमै तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को बहुमतको सरकार बनेको थियो। त्यतिखेरको अर्थतन्त्रको अवस्था, राष्ट्रको ऋणको अवस्था र आर्थिक वृद्धिदरको अवस्था हेर्दा अहिले हामी निकै राम्रो अवस्थामा पुगेका छौँ", पुनले भन्नुभयो, "२०७४/७५ देखि २०७७/७८ मा मुलुकको सार्वजनिक ऋण अत्यधिक बढेर मुलुकको कूल गार्हस्थ्य उत्पादनको तुलनामा उच्च विन्दुमा पुगेको थियो।"

अहिले समग्र अर्थतन्त्र केही समस्यामा रहेको भए पनि तथ्याङ्क बङ्ग्याएर निराशा देखिनेगरी प्रस्तुत गर्न नहुने उहाँको धारणा छ। अहिले शोधनान्तर बचतमा रहेको, बाह्य क्षेत्र सन्तुलनमा रहेको, १३ महिनाको वस्तु तथा सेवा आयात गर्न सक्ने विदेशी मुद्रासञ्चिति रहेको, मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेकोलगायत सकारात्मक कुरालाई नजरअन्दाज गर्न नहुने पुनको भनाइ छ।

त्यस्तै, वैदेशिक व्यापार घाटा घट्दै गएको, पुँजीगत खर्च बढेको र समग्र अर्थतन्त्रको वृद्धिदर अपेक्षित रुपमा अगाडि बढिरहेको उहाँले बताउनुभयो। आफू केन्द्रित गरेर तथ्याङ्क प्रस्तुत गर्दा त्यसले भोलिका दिनमा सरकारलाई समस्यामा पार्ने पुनको बुझाइ छ। अहिलेको सरकारले निराशा बाँड्न खोजेको भए पनि निराश हुनुपर्ने अवस्था नरहेको उहाँले बताउनुभयो।

गत आर्थिक वर्षमा सूचना प्रविधि क्षेत्रबाट करिब रु एक खर्ब बराबरको निर्यात भएको उल्लेख गर्नुहुँदै पुनले चालु आवको बजेटमार्फत सरकारले सूचना प्रविधि दशक र कृषिमा लगानी दशकका रुपमा घोषणा गरेकाले नवगठित सरकारले त्यसको स्वामित्व लिन्छ वा लिँदैन भनेर प्रश्न गर्नुभयो । अर्थतन्त्र सुस्ताउँदा जलविद्युत् क्षेत्र र पर्यटन क्षेत्रमा प्रगति देखिएको जानकारी दिनुभयो । जलविद्युत् क्षेत्रमा नीतिको निरन्तरता भएका कारण त्यसले राम्रो नतिजा देखाएको उहाँको भनाइ छ।

सरकारले ऋण लिएर प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत कार्यकर्तालाई पैसा बाँडेको आरोप पुनले लगाउनुभयो। प्रधानमन्त्री ओलीको गृह जिल्लामा दमकको भ्युटावर बनेपछि हरेक गाउँगाउँमा भ्युटावर बनाउने खराब परिपाटी सुरु भएको उल्लेख गर्नुहुँदै पुनले ठूला भवनलगायतका अनुत्पादक क्षेत्रमा ठूलो बजेट खर्च हुँदा पुँजी सिर्जना गर्न नसकेको बताउनुभयो। सरकारले उत्पादन र उत्पादकत्व बढाउने गरी सोचविचार गरेर बजेटको प्राथमिकता निर्धारण गर्नुपर्ने पुनको सुझाव छ।

चालु आर्थिक वर्ष २०८१/८२ का लागि अघिल्लो सरकारले ल्याएको बजेटका राम्रा योजना तथा कार्यक्रम कार्यान्वयनको निरन्तरता दिन उहाँले आग्रह गर्नुभयो।

नयाँ सरकारप्रति विश्वास गर्न सक्ने अवस्था नदेखिएकाले आफ्नो दल माओवादी केन्द्रले समर्थन नगर्ने उहाँले स्पष्ट गर्नुभयो। "संविधानको जुन धारा र उपधारामा टेकेर प्रधानमन्त्री बन्नुभएको छ, जुन परिस्थिति, परिवेश र जस्तो गठबन्धन तोडेर अपारदर्शी ढङ्गले गठबन्धन बनाउनु भएको छ, यी सबै विषयका आधारमा उहाँप्रति हाम्रो दलको विश्वास छैन", प्रधानमन्त्री केपी शर्मा ओलीलाई लक्षित गर्दै पुनले भन्नुभयो ।रासस

# भ्रष्टाचारका मुद्दामा निष्पक्ष छानबिन हुनेमा आशङ्का : सभापति लामिछाने

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले विगतमा भएका भ्रष्टाचार काण्डको अनुसन्धान गर्न सरकारसँग आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीको विश्वासको मतसम्बन्धी प्रस्तावमाथि छलफलका क्रममा उहाँले बजेट पास भएको दुई महिनाभित्र विगतका विभिन्न २५ वटा काण्डको फाइल अनुसन्धान गर्न शक्तिशाली आयोग गठन गर्ने अघिल्लो सरकारको निर्णयलाई निरन्तरता दिन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "जहाँ जहाँ हामीले भ्रष्टाचारका विषय उठायौँ त्यहाँ त्यहाँ पुरस्कार दिएको देखियो। त्यसैले भ्रष्टाचारका मुद्दामा निष्पक्ष छानबिन हुनेमा हामीलाई आशङ्का छ।"

सभापति लामिछानेले सदनका दुई ठूला राजनीतिक दलबीचको समीकरणले लोकतन्त्रको मूल्य र मान्यता जोगाउन सक्नुपर्नेतर्फ सचेत गराउनुभयो। उहाँले सदन आरोप प्रत्यारोप र हिलो छ्याप्ने थलो बनेको गुनासो गर्नुभयो। सभापति लामिछानेले उपसभामुख इन्दिरा राना मगरलाई बिनाप्रमाण मानव तस्करको आरोप लगाइएकामा आपत्ति जनाउनुभयो।

"उपसभामुख इन्दिरा राना मगरलाई एउटा विषय आउने बित्तिकै यो सम्मानित सदनमा मानव तस्करको आरोप लगाउने गरी हामी निर्मम भयौँ", उहाँले भन्नुभयो, "विरोध गर्नूस, पाइन्छ। विषय उठेको छ तर प्रमाणित भएको छैन।"निवर्तमान उपप्रधान एवं गृहमन्त्री लामिछानेले सदनलाई विश्वासको मतको विपक्षमा मतदान गर्ने जानकारी दिँदै सरकारले भ्रष्टाचारको मुद्दामा निष्पक्ष छानबिन गर्नेमा आशङ्का व्यक्त गर्नुभयो ।रासस

# लोकतन्त्रलाई सुदृढ बनाएर लैजान सङ्कल्प गरौँः अध्यक्ष नेपाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले राजनीतिक दलहरू एकताबद्ध भएर लोकतन्त्रलाई सुदृढ बनाएर लैजानुपर्ने खाँचो औँल्याउनुभएको छ। प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले राख्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावको छलफलमा माग लिनुहुँदै उहाँले भन्नुभयो, "लोकतन्त्रको यो यात्रालाई हामी सबै मिलेर सुदृढ बनाए लैजाने सङ्कल्प गरौँ।"

अध्यक्ष नेपालले लोकतन्त्रको विकल्प अर्को कुनै तन्त्र वा प्रणाली हुन नसक्ने धारणा राख्नुहुँदै लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र र व्यवहार हो भन्नुभयो । प्रणाली र संस्था बलियो नभएसम्म देश बलियो हुन नसक्नेमा जोड दिनुहुँदै उहाँले गणतन्त्रको लाभ आमनागरिकसमक्ष पुग्ने सहजमार्ग खोज्न, जनतालाई परिवर्तनको अनुभूति गराउन सबै गम्भीर हुनुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष नेपालले संविधान संशोधनजस्तो दीर्घकालीन महत्वको विषयमा 'कुन-कुन विषयमा संविधान संशोधन गरिने हो' त्यसबारे सबै राजनीतिक शक्ति, बुद्धिजीवि, नागरिकसमाज र सरोकार भएकाहरूबीच छलफल गरेर देशको बृहत्तर हितअनुरूप हुनुपर्ने धारणा राख्नुभयो ।रासस


## नेशनल एग्रो बचत तथा ऋण सहकारी संस्था लि.

लक्ष्मीनियाँ गाउँपालिका – ०७, लक्ष्मीनियाँ बजार, धनुषा

**भाखा नाघेका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारे ७ ( सात ) दिने सार्बजनिक सुचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१ / ०४ / ०७ ( ७ दिन भित्र कर्जा चुक्ता गर्दिनु |**

यस नेशनल एग्रो बचत तथा ऋण सहकारी संस्था लि. लक्ष्मीनियाँ ०७, ल. बजार बाट तपसिलमा उल्लेखित ऋणीले व्यापार तथा घरायसी कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा बुझाउनु पर्ने रकम तिर्न बुझाउनको लागि पटक-पटक लिखित तथा मौखिक र ताकेता गर्दा समेत नतिरी नबुझाई ऋण सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता गर्न आउने बारेको यो ७ दिने सार्बजनिक सुचना प्रकाशित गरिएको छ | यो सुचना प्रकाशित भएको ७ दिन भित्र यस सहकारी संस्थामा सम्पर्क राखी तपाई ऋणीले लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज तथा अन्य दायित्वहरु समेत चुक्ता / भुक्तान गर्नुहोला | उक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम ( साँवा,व्याज , हर्जाना ) आदि नबुझाएमा **नेपाल सरकारको सहकारी ऐन २०७४ को दफा ७९ सहकारी नियमावली २०७५ र लक्ष्मीनियाँ गाउँपा लकाको सहकारी ऐन २०७६ तथा संस्थाको वनियम अनुसार असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ** | नेपाल राष्ट्र बैंकले जारि गरेको नीति नियम साथै नेपाल सरकार द्वारा जारि गरिएको प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्थाबीच लिखित शर्त अनुसार ऋणी तथा धनजमानीको नाम कर्जा सुचना केन्द्रको कालो सुचिमा समावेश गरिने तथा संस्थामा रहेको तथा नरहेको चल अचल सम्पति (धितो) को लिलाम बिक्रि गरी सहकारी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धि ऋणी तथा धनजमानी लाई यसै सुचनाद्वारा जानकारी गराउँदछौं |

**तपसिल**

| क्र.स. | ऋणीहरुको ३ पुस्ते विवरण | | धनजमानी ( साक्षी ) को ३ पुस्ते विवरण | |
|---|---|---|---|---|
| १. | ऋणीको नाम :- **सरस्वती देवी यादव**<br>ना. प्र. नं. :- १७३०८६ / ४०७ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. – ६)<br>अस्थायी ठेगाना :- लक्ष्मीनियाँ गा.पा. – ६, ल. बगेवा<br>पतिको नाम :- नरेश यादव<br>बाजे / ससुराको नाम :- मिश्री यादव |  | साक्षीको नाम :- **नरेश यादव**<br>ना. प्र.नं. – २६७२२८४९ / २०५८-६-४<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा – ०३<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. – ६, ल. बगेवा<br>बुवाको नाम :- मिश्री यादव<br>बाजेको नाम :- | साक्षीको नाम :- **कविता कुमारी देवी**<br>ना. प्र. नं. :- १७-०१-७६-०८५०६ / २०७६-०५-२५<br>जन्म स्थान :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. – ६)<br>स्थायी ठेगाना :- उ.म.न..पा.जनकपुर -१४, रजौल<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. -०६, ल. बगेवा<br>पतिको नाम :- सिकेन्द्र यादव<br>बाजेको नाम :- मिश्री यादव |
| ३. | ऋणीको नाम :- **पुनिता देवी राउत**<br>ना. प्र. नं. :- १७३०८६ / ६ - २०७०/०२/२६<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. – ६)<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. – ६, ल. बगेवा<br>बाबु/पतिको नाम :- लालबाबु राउत<br>बाजे / ससुराको नाम :- शिवजी राउत |  | साक्षीको नाम :- **ममता कुमारी कथबनिया**<br>ना. प्र. नं. :- १७१००४/५२ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -२<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. – ०६ , बगेवा<br>पतिको नाम :- उपेन्द्र दास कथबनिया<br>ससुराको नाम :- चन्देश्वर दास कथबनिया | साक्षीको नाम :- **पुजा राउत**<br>ना. प्र. नं. :- १७-०१-७५-१०६९४ / २०७५-०८-२०<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. – ६, बगेवा<br>बाबु/पतिको नाम :- विजय कुमार राउत<br>बाजे /ससुराको नाम :- बिन्देश्वर राउत कुर्मी |
| ३ | ऋणीको नाम :- **निरमल देवी मण्डल**<br>ना. प्र. नं. :- १७१०८६ / १४९ – २०६५ / १२ / २६<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -५ ( ल.ग.पा. – ७ )<br>अस्थायी ठेगाना :- लक्ष्मीनियाँ गा. पा. – ०७, बजार<br>पतिको नाम :- रिसु मण्डल खत्बे<br>ससुराको नाम :- गरभू मण्डल खत्बे |  | साक्षीको नाम :- **गुब्दी देवी मण्डल**<br>ना. प्र. नं. :- ५४२४२२६४ / २०४५-०१-२८<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -२ ( ल.ग.पा. – ६)<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. – ०६ , बगेवा<br>बाबु/पतिको नाम :- राम प्रसाद मण्डल खत्बे<br>बाजे / ससुराको नाम :- छक्कन मण्डल खत्बे | |
| ४ | ऋणीको नाम :- **सुदिप यादव**<br>ना. प्र. नं. :- १७-०१-७३-०८३६१/२०७३-०७-०५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा – ०२<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. – ०६<br>बुवाको नाम :- जिबछ यादव<br>बाजेको नाम :- लक्ष्मण यादव |  | साक्षीको नाम :- **ममता कुमारी कथबनिया**<br>ना. प्र. नं. :- १७१००४/५२ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा.–६)<br>अस्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा.–६)<br>पतिको नाम :- उपेन्द्र दास कथबनिया<br>ससुराको नाम :- चन्देश्वर दास कथबनिया | साक्षीको नाम :- **गालो देवी यादव**<br>ना. प्र. नं. :- १७३०८६/२५१ - २०६३/११/१४<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. – ६)<br>अस्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. – ६)<br>पतिको नाम :- जिबछ यादव<br>बाजे / ससुराको नाम :- लक्ष्मण यादव |
| ५ | ऋणीको नाम :- **ममता कुमारी कथबनिया**<br>ना. प्र. नं. :- १७१००४/५२ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. – ६)<br>अस्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. – ६)<br>पतिको नाम :- उपेन्द्र दास कथबनिया<br>ससुराको नाम :- चन्देश्वर दास कथबनिया |  | साक्षीको नाम :- **फुलो देवी राउत**<br>ना. प्र. नं. :- १७३०८६/३२६ - २०६३/११/१४<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३<br>हालको ठेगाना :- ल. गा.पा. – ६, ल. बगेवा<br>बाबु/पति/पत्नीको नाम :- रामचन्द्र राउत<br>बाजे / ससुराको नाम :- मौजे राउत | साक्षीको नाम :- **शिव कुमारी दास**<br>ना. प्र. नं. :- १७३०८६/ २६१<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -०३<br>अस्थायी ठेगाना :- लक्ष्मीनियाँ गा.पा. – ०६, बगेवा<br>बाबु/पति/पत्नीको नाम :- श्याम सुन्दर दास<br>बाजे / ससुराको नाम :- राजकिशोर दास |
| ६ | ऋणीको नाम :- **विजय कुमार दास**<br>ना. प्र. नं. :- ०७७४२३६९/ २०५८-१२-०८<br>स्थायी ठेगाना :- बनिनिया – ५, भङ्गहा<br>अस्थायी ठेगाना :- लक्ष्मीनियाँ गा. पा. – ५, भङ्गहा<br>बाबुको नाम :-जमुना दास तत्मा<br>बाजे / ससुराको नाम :- पंचा दास तत्मा |  | साक्षीको नाम :- **राम बलि यादव**<br>ना. प्र. नं. :- ०७७४२५२२ / २०६२-०१-२८<br>स्थायी ठेगाना :- बनिनिया ५, भङ्गहा<br>अस्थायी ठेगाना :- लक्ष्मीनियाँ गा. पा. – ५, भङ्गहा<br>बाबु/पति/पत्नीको नाम :- किर्तन यादव<br>बाजे / ससुराको नाम :- | |
| ७ | ऋणीको नाम :- **संजिला खातुन**<br>ना. प्र. नं. :-१७-०१-७५-१२५५३ / २०७५-१०-०८<br>स्थायी ठेगाना :- सपही -०३, बनिगामा, धनुषा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -०३, बनिगामा<br>पतिको नाम :- रिजमानउल्ला मिया<br>बाजे / ससुराको नाम :- रैहमान मिया |  | साक्षीको नाम :- **रिजमानउल्ला मिया**<br>ना.प्र.नं. :- १७१०५१/१४५४ – २०७१/०३-०१<br>ठेगाना :- उमाप्रेमपुर -०४<br>हालको ठेगाना ;- लक्ष्मीनियाँ गा.पा. -०३ बनिगामा<br>बुवाको नाम :- रहमान राईन<br>बाजेको नाम :- | साक्षीको नाम :- **प्रमिला देवी महतो**<br>ना.प्र.नं. :- ०७२८२५६० / २०५१-१०-१८<br>ठेगाना :- सपही -२, बनिगामा<br>हल्लको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. – ०३, बनिगामा<br>पतिको नाम :- राम प्रसाद महतो<br>ससुराको नाम :- रौदी महतो नुनिया |
| ८ | ऋणीको नाम :- **पुनम देवी यादव**<br>ना. प्र. नं. :- १७३०९५/१५२ -<br>स्थायी ठेगाना :- सपही-०३, बनिगामा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -३, बनिगामा<br>पतिको नाम :- रामबाबु यादव<br>बाजे / ससुराको नाम :- दुखि यादव |  | साक्षीको नाम :- **संजिला खातुन**<br>ना. प्र. नं. :-१७-०१-७५-१२५५३ / २०७५-१०-०८<br>स्थायी ठेगाना :- सपही -०३, बनिगामा, धनुषा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -०३, बनिगामा<br>पतिको नाम :- रिजमानउल्ला मिया<br>बाजे / ससुराको नाम :- रैहमान मिया | |
| ९ | ऋणीको नाम :- **गीता देवी दास**<br>ना. प्र. नं. :- १७३०८६/२५१ - २०६३/११/१४<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -४<br>अस्थायी ठेगाना :-लक्ष्मीनियाँ गा.पा. – ६<br>पतिको नाम :- रामपुकार दास<br>ससुराको नाम :- आनन्द दास तत्मा |  | साक्षीको नाम :- **अमन दास**<br>ना. प्र. नं. :- १७-०१-७६-१५४८२ / २०७६/१०/२६<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -४<br>अस्थायी ठेगाना :-लक्ष्मीनियाँ गा.पा. – ६<br>बुवाको नाम :- रामपुकार दास<br>बाजेको नाम :- आनन्द दास तत्मा | साक्षीको नाम :- **लिला देवी**<br>ना. प्र. नं. :- १७३०८६/३८७ – २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -४<br>अस्थायी ठेगाना :-लक्ष्मीनियाँ गा.पा. – ६<br>पतिको नाम :- सत्य नारायण यादव<br>ससुरको नाम :- ठकाई यादव |
| १० | ऋणीको नाम :- **ललिता देवी दास**<br>ना.प्र.नं. :- १७३०८६/६१९ – २०६३/११/१७<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -४<br>अस्थायी ठेगाना :-लक्ष्मीनियाँ गा.पा. – ६<br>पति को नाम :- दिलिप दास तत्मा<br>ससुराको नाम :- निरगुन दास तत्मा |  | साक्षीको नाम :- **निरगुन दास तत्मा**<br>ना. प्र. नं. :- ५४२४०६३५ / २०५१-२-१८<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा - ३<br>अस्थायी ठेगाना :-लक्ष्मीनियाँ गा.पा. – ६<br>बुवाको नाम :- जमिन दास तत्मा<br>बाजेको नाम :- ठकाई दास तत्मा | साक्षीको नाम :- **मंजु देवी दास**<br>ना. प्र. नं. :- १७३०८६/२६ – २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३<br>अस्थायी ठेगाना :-लक्ष्मीनियाँ गा.पा. – ६<br>पतिको नाम :- राम पद्धार्थ दास<br>ससुरको नाम :- सहदेव दास तत्मा |

**ऋण उप – समिति**
**नेशनल एग्रो बचत तथा ऋण सहकारी संस्था लि.**
**लक्ष्मीनियाँ गा.पा. – ०७, लक्ष्मीनियाँ बजार, धनुषा**

# बङ्गलादेशः आरक्षणसम्बन्धी आदेश 'गैरकानूनी' ठहर



एएफपी

ढाका । बङ्गलादेशको सर्वोच्च अदालतले यस बर्षको जून ५ मा गरिएको आरक्षणसम्बन्धी फैसलालाई 'गैरकानुनी' ठहर गरेको छ।

एक महिना पहिले तल्लो अदालतले सन् २०१८ मा सरकारी नोकरीमा आरक्षण नदिनेगरी गरिएको सरकारको अधिसूचनालाईउल्टाउँदैआरक्षणको पक्षमा फैसला दिएको थियो । विवादास्पद निजामती सेवा भर्ती नियमहरू पूर्णरूपमा खारेज गर्न गरिएको सार्वजनिक मागलाई बेवास्ता गरेको विपक्षीहरूको आरोप छ।

आरक्षण दिने निर्णयले देशव्यापी रूपमा प्रहरी र विश्वविद्यालयका विद्यार्थीहरूबीच झडप निम्त्याएको थियो । आन्दोलनका क्रममा १५१ जनाको मृत्यु भएको छ।

सरकारी जागिरका लागि राजनीतिकरण गरिएको भर्ना कोटाको विरोधमा सुरु भएको विरोधमा यसै साता शुरू भएको प्रदर्शन प्रधानमन्त्री शेख हसिनाको कार्यकालको सबैभन्दा खराब अशान्तिमा परिणत भएको छ ।दङ्गा प्रहरीले सुव्यवस्था कायम गर्न नसकेपछि बङ्गलादेशका विभिन्न शहरमा सैनिकले गस्ती गरिरहेका छन् भने बिहीबारदेखि देशव्यापी इन्टरनेट अवरोध भएको र यसका कारण बाहिरी विश्वमा सूचना प्रवाहमा समस्या भएको छ। सर्वोच्च अदालतले हालै पुनः सुरु गरिएको सरकारी जागिरका आवेदकहरूको चयन लागि आरक्षित योजनाको वैधताको बारेमा अर्को महिना निर्णय गर्ने तालिका रहेको थियो, तर देशव्यापी सङ्घर्ष तीव्र भएपछि आफ्नो निर्णयलाई एक महिना पहिले सुनाएको छ।

बङ्गलादेश का महान्यायाधिवक्ता एएम अमीन उद्दीनले एएफपीसँग भन्नुभयो, "गत महिना तल्लो बेन्चले यो योजना पुनः लागू गर्न दिएको आदेश 'गैरकानुनी' थियो र सर्वोच्च अदालतबाट यही फैसला भएको छ।

यस मुद्दामा संलग्न वकिल शाह मोन्जुरुल हकले एएफपीलाई बताए अनुसार अदालतले आफ्नो फैसला सुनाएपछि प्रदर्शनकारी विद्यार्थीहरूलाई 'कक्षामा फर्कन' पनि भनेको छ।

यो फैसलाले आरक्षित रोजगारीको संख्यालाई सबै पदहरूको ५६ प्रतिशतबाट घटाएर सात प्रतिशतमा झारेको छ, तर प्रदर्शनकारीहरूको माग पूरा गर्न असफल भएको छ।

सन् १९७१ मा बङ्गलादेशले पाकिस्तानविरुद्ध गरेको स्वतन्त्रता सङ्ग्राममा 'स्वतन्त्रता सेनानीहरू' का छोराछोरीका लागि सबै सरकारी जागिरको पाँच प्रतिशत आरक्षण गरिएको थियो । बङ्गलादेशको कानुनअनुसार एक प्रतिशत आदिवासी समुदायका लागि र अर्को एक प्रतिशत अपाङ्गता भएका वा तेस्रो लिंगीका लागि छुट्याइएको थियो भने बाँकी ९३ प्रतिशत पदको निर्णय योग्यताका आधारमा गरिने अदालतले जनाएको छ।

आलोचकहरू भन्छन्, "'स्वतन्त्रता सेनानी' श्रेणी युवा स्नातकहरूका लागि छुट्टाइएको आरक्षण व्यवस्था प्रधानमन्त्री हसिनाको सत्तारूढ अवामी लीगका वफादारहरूलाई भर्ना गर्न प्रयोग हुन थालेपछि आन्दोलन उर्लेको हो ।" विद्यार्थीहरूले महिला र देशका विशिष्ट जिल्लाहरूका लागि अन्य कोटासहित उक्त श्रेणीको पूर्ण उन्मूलनको माग गरेका थिए।

> यस मुद्दामा संलग्न वकिल शाह मोन्जुरुल हकले एएफपीलाई बताए अनुसार अदालतले आफ्नो फैसला सुनाएपछि प्रदर्शनकारी विद्यार्थीहरूलाई "कक्षामा फर्कन" पनि भनेको छ ।

# यमनबाट प्रहार गरिएको क्षेप्यास्त्र खसाल्यो

एएफपी

जेरुसेलम । इजराइली युद्धक विमानहरूले यमनमा धेरै हुथी लक्ष्यहरूमा आक्रमण गरेको केही घन्टापछि आइतबार बिहानै यमनबाट प्रहार गरिएको क्षेप्यास्त्रलाई रोकेको इजराइली सेनाले बताएको छ।

तेल अभिवमा घातक हुथी ड्रोन आक्रमणको जवाफमा इजराइलले हवाई आक्रमण गरेको थियो। इजराइलले हमासविरुद्धको आफ्नो नौ महिनाको युद्धका क्रममा बारम्बार हुथी आक्रमणहरूको जवाफ दिएको यो पहिलो पटक थियो।

टाढाका शत्रुहरूबीचको हिंसाको विस्फोटले यस क्षेत्रमा इरानी प्रोक्सीहरूको शृ लासँग लड्ने क्रममा इजराइलले नयाँ मोर्चा खोल्ने धम्की दिएको छ। इजराइली सेनाले शनिबार राति हुथीको गढ रहेको पश्चिमी यमनी बन्दरगाह सहर होदेइदाहमा हवाई आक्रमण गरेको पुष्टि गरेको छ। सयौं हुथी आक्रमणको जवाफमा अमेरिका-निर्मित एफ-१५ र एफ-३५ युद्धक विमानहरूमार्फत आक्रमण गरिएको सेनाले बताएको छ।

इजराइलले अमेरिका, बेलायत र यस क्षेत्रमा अन्य पश्चिमी सहयोगीसँग मिलेर करिब सबै हुथी क्षेप्यास्त्र र ड्रोनहरूलाई रोकेको छ। तर शुक्रबार बिहानै एउटा हुथी ड्रोन इजराइलको हवाई प्रतिरक्षामा प्रवेश गरेर इजराइलको व्यावसायिक तथा सांस्कृतिक राजधानी तेल अभिवमा दुर्घटनाग्रस्त हुँदा एक जनाको मृत्यु भएको थियो।




इजराइली सेनाले शनिबारको आक्रमण इजराइलबाट करिब एक हजार सात सय किलोमिटर आफ्नो हवाई सेनाले सबैभन्दा जटिल र सबैभन्दा लामो दूरीको कारवाहीमध्येको एक थियो भनेको छ। सेनाले यमनमा इरानी हतियार पुर्याउन प्रयोग गरिने बन्दरगाहमा आक्रमण गरेको बताएको छ।

सानाको स्वास्थ्य मन्त्रालयले होदेइदाहमा भएको आक्रमणमा प्रारम्भिक स यामा ८० जना घाइते भएको र तीमध्ये अधिकांश गम्भीररूपमा जलेको बताएको छ। इजराइली आक्रमणबाट सहरको बन्दरगाहमा भीषण आगो लागेको थियो। "अहिले होदेइदाहमा लागिरहेको आगो पूरा मध्यपूर्वमा देखिएको छ र यसको महत्त्व स्पष्ट छ", इजराइलका रक्षामन्त्री योभ ग्यालेन्टले भन्नुभयो। उहाँले आवश्यक परे कुनै पनि स्थानहरूमा यस्तै प्रकारका आक्रमण गरिने वाचा गर्नुभयो।

अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूह हमासको आक्रमणलगत्तै गाजामा जारी इजराइली आक्रमणपछि हमाससँग ऐक्यबता जनाउँदै इजराइलमाथि आक्रमण गर्ने धेरै इरानी समर्थित समूहमध्ये हुथी पनि एक हो। हमाससँग लड्नेबाहेक इजराइली सेना लेबनानमा हिजबुल्लाह लडाकू समूहसँग दैनिक झडपमा संलग्न भएको छ। झडपहरूले लडाइँ लेबनान र त्योभन्दा बाहिर पूर्ण युद्धमा परिवर्तन हुनसक्ने चिन्ता बढाएको छ।

# लागुऔषधबाट युवालाई जोगाउन फुटबल प्रशिक्षण



भजनी । कैलालीको टीकापुरका गजेन्द्र शाही फुटबल खेलाडीमा निकै परिचित नाम हो । राष्ट्रिय फुटबल टोलीका पूर्वखेलाडीसमेत रहनुभएका उहाँलाई टीकापुर क्षेत्रलाई चिनाउने व्यक्तिमध्ये एक मानिन्छ। अन्य थुप्रै लिगमा सहभागी भएर लिगको उपाधिसमेत दिलाउन सफल गजेन्द्र खेलकुद अनुशासनको एउटा पाठशाला भएको बताउनुहुन्छ।

"हामीमा सबैभन्दा पहिले चाहिने भनेको आत्मविश्वास र अनुशासन हो, जुन कुरा खेल क्षेत्रमा राम्रोसँग सिक्न पाइन्छ", उहाँ भन्नुहुन्छ, "आत्मविश्वास र अनुशासन भएको व्यक्ति खेलकुद क्षेत्रमा मात्रै नभई हरेक क्षेत्रमा सफल हुनसक्छ।

" सक्रिय खेल जीवनबाट बिदा लिइसक्नुभएका गजेन्द्र यतिबेला स्थानीय क्षेत्रमा खेलाडी उत्पादनको काममा लाग्नुभएको छ।

फोर्टिन जिआर एकेडेमीमार्फत एक सय ५० बालबालिकालाई उहाँले फुटबलको प्रशिक्षण गराउँदै आउनुभएको छ। उहाँको उद्देश्य समाज लागुऔषधका कारण आक्रान्त बन्दै दिनप्रतिदिन युवाहरू कुलतमा फस्दै गएको अवस्थामा खेलकुदका माध्यमबाट त्यस्ता कुलतमा लागेका र जोखिममा रहेका युवालाई बाहिर ल्याउने रहेको छ। "व्यक्तिगत जीवनसँगै समाजका लागि केही राम्रो काम गर्ने दायित्व सबैमा हुनुपर्छ, आज जति पनि खेलाडी उत्पादन भएका छन् ती ग्रासरुटबाटै उत्पादन भएको पाइन्छ", उहाँले भन्नुभयो, "अर्कोतिर साथी सङ्गतिको कारण कुलत तथा अन्य आपराधिक क्रियाकलापमा फस्न सक्ने सम्भावनालाई खेलकुदका क्षेत्रबाट कम गर्ने प्रयास गरेका छौं।"

खेलाडी उत्पादनका क्षेत्रमा भएको प्रयासलाई राम्रो कामको सुरुआत भएको बताइएको छ। खासगरी युवा तथा वयस्कहरु लागुऔषध दुर्व्यसनीमा फस्दै गएका बेला उनीहरुलाई त्यो गलत बाटो बिर्सेर नयाँ जीवनको सुरुआत गर्ने क्षेत्र खेलकुद बन्न सक्ने सुदूरपश्चिम नीति तथा योजना आयोगका सदस्य प्राध्यापक डा जगतबहादुर रावल बताउनुहुन्छ।

"खेल क्षेत्र अनुशासनको एउटा महत्वपूर्ण पाठशाला हो, जहाँ सम्भावनासँगै असल व्यक्तित्व निर्माण गर्न सकिन्छ", उहाँले भन्नुभयो, "अर्कोतिर लागुऔषध दुर्व्यसनीबाट बच्नका लागि खेलकुद क्षेत्र समाजकै उपलब्धिको स्रोत बन्न सक्छ ।"लागुऔषध दुर्व्यसनी लगायत आपराधिक गतिविधिका कारण समाज जटिल अवस्थामा पुगेको भन्दै त्यसलाई सामान्य अवस्थामा ल्याउन खेलकुद क्षेत्र महत्वपूर्ण माध्यम हुने नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेश अध्यक्ष योगेश रावल बताउनुहुन्छ । उहाँले खेलकुद क्षेत्रमा राज्यको लगानी हुनुपर्नेमा पनि जोड दिनुभयो।

अनुशासन र कडा परिश्रमले मात्रै उत्कृष्ट खेलाडीको जन्म हुने स्थानीय समाजसेवी राजकुमार हमाल बताउनुहुन्छ । "हाम्रो समाजमा दिनप्रतिदिन सुधार केन्द्र थपिँदै गएका छन्, यसलाई शुभ संकेत मान्न सकिँदैन", उहाँ भन्नुहुन्छ, " जसरी सुधार केन्द्र थपिँदै गएका छन्, त्यसैगरी खेलकुदका गतिविधि थपिँदै जानुपर्छ, जसले युवा तथा वयस्क अझै भनौ अब आउने पुस्तालाई सहि मार्गमा डोऱ्याउन सकियोस्।"

इलाका प्रहरी कार्यालय टीकापुरको तथ्यांकले पनि सबैभन्दा बढी मुद्दा दर्ता लागुऔषधमा भएको देखाएको छ । पछिल्लो तीन वर्षयता वार्षिक ४० भन्दा बढी मुद्दा लागुऔषधमा दर्ता भएको प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक विश्वराज अधिकारीले बताउनुभयो । टीकापुर क्षेत्रमा खेलाडी उत्पादनका लागि गरिएको प्रयासले निकट भविश्यमा थुप्रै सम्भावना बोकेका खेलाडी राष्ट्रले पाउने विश्वास गरिएको छ ।रासस


# भारतसँग युरोपको आपूर्तिकर्ता बन्न सक्ने ठूलो अवसर

एएनआई

नयाँ दिल्ली। स्विस संसदका सदस्य तथा स्विस-भारत संसदीय समूहका अध्यक्ष निक गुगरले युरोपेली देशमा फैलिरहेको सस्तो चिनियाँ उत्पादनबारे बढिरहेको चिन्ताका बीच भारतसँग युरोपमा आफ्नो आपूर्ति विस्तार गर्ने ठुलो अवसर रहेको बताउनुभएको छ।

"भारतको लागि यो ठूलो मौका हो भन्ने हामीलाई लाग्छ", गुगरले भन्नुभयो । "हामीलाई अन्य देशबाट सस्तो उत्पादनहरू आवश्यक पर्दैन र हामीसँग उनीहरूसँग स्वतन्त्र व्यापार सम्झौता छ जहाँ हामी उच्च गुणस्तरीय सेवासँगै काम गर्न चाहन्छौं भनेर विश्वलाई देखाउने मौका छ र यो सही अवसर हो," उहाँले अगाडि थप्नुभयो।

युरोपेली युनियनले विद्युतीय सवारी साधन, सौर्य प्यानल र विन्ड टर्बाइनलगायत सस्तो चिनियाँ उत्पादनहरू उनीहरूको बजार र स्थानीय हितलाई हानी पुर्याउने कुरामा चिन्ता व्यक्त गर्दै आएको छ ।यसबाहेक भारतमा रहनुभएका स्विस सांसदले भारत र चार युरोपेली देश (स्विट्जरल्यान्ड, आइसल्याण्ड, नर्वे र लिचेन्स्टाइन) बिचको व्यापार र आर्थिक साझेदारी सम्झौताको विषयमा पनि कुरा गर्नुभएको छ। भारत-युरोपेली स्वतन्त्र व्यापार सङ्घले सन् २०२४ को मार्च १० मा व्यापार र आर्थिक साझेदारी सम्झौता (टिइपिए) मा हस्ताक्षर गरेको थियो। सन् १९६० मा यसको चार सदस्य राष्ट्रहरूबीच स्वतन्त्र व्यापार र आर्थिक एकीकरणको प्रवर्द्धनका लागि स्थापित एक अन्तर-सरकारी संस्था टिइपिए हो । यो स्वतन्त्र व्यापार सम्झौता भारतले युरोपका चार देशहरूसँग गरेको पहिलो व्यापार सम्झौता हो।



यसले दुवै पक्षका लागि विभिन्न अवसरहरू प्रदान गरेको छ । "मुम्बईमा पहिलोपटक आइतबार व्यापार र आर्थिक साझेदारी सम्झौतासम्बन्धी कार्यक्रम हुनेछ," उहाँले भन्नुभयो। उहाँले भारत-स्विजरल्याण्ड द्विपक्षीय सम्बन्धबारे पनि कुरा गर्नुभयो। "हामी भारत-स्विजरल्याण्ड सम्बन्धको ७६औँ वर्षमा छौं । हामीले हाम्रो मित्रता सन्धिबाट मात्र नभई हाम्रो स्वतन्त्र व्यापार सम्झौताबाट पनि सुरु गरेका छौं," उहाँले भन्नुभयो।

# बोलिभियामा सडक दुर्घटना हुँदा २२ जनाको मृत्यु

एएफपी

लापाज । बोलिभियाको एन्डिज क्षेत्रको राजमार्गमा शनिबार ट्रक र बसबीच टक्कर हुँदा २२ जनाको मृत्यु हुनुका साथै १६ जना घाइते भएको प्रहरीले जनाएको छ।

मृतकमध्ये हालसम्म १४ जनाको मात्र पहिचान भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमध्ये एक जना चिलीका नागरिक रहेको चिलीको विदेश मन्त्रालयले बताएको छ । दुवै सवारीका चालकको मृत्यु भएको अधिकारीले बताएका छन् । बोलिभियाको पटाकामाया सहर र उत्तरी चिलीको टम्बो क्वेमाडो सहर जोड्ने सडकमा भएको दुर्घटनामा यस वर्षकै सबैभन्दा बढी मानवीय क्षति भएको ट्राफिक अधिकृत निलो टोरिकोले बताउनुभएको छ।



दुई दक्षिण अमेरिकी देशहरूलाई जोड्ने व्यस्त व्यापारिक र पर्यटन मार्ग हुँदै बस चिलीतर्फ गइरहेको थियो । "प्रारम्भिक अनुसन्धानअनुसार ट्रकले बसलाई गलत लेनबाट ओभरटेक गर्न खोजेको देखाइएको छ," ट्राफिक अधिकृत टोरिकोले भन्नुभयो । "ट्रकले सवारी नियमको उल्लङ्घन गरेको र यो दुर्भाग्यपूर्ण दुर्घटना भएको देखिन्छ," उहाँले भन्नुभयो। उद्धारकर्ताहरुले दुर्घटनाग्रस्त सवारी साधनहरूमा फसेका शवहरू निकाल्ने काम गरिरहेका टोरिकोले जानकारी दिनुभयो।

बोलिभियामा हरेक वर्ष औसत एक हजार ४०० जनाको सवारी दुर्घटनाबाट मृत्यु हुने गरेको सरकारी तथ्याङ्कले देखाएको छ। बोलिभियामा सडक दुर्घटना मुख्यतया चालकको लापर्बाही र पूराना सडक र गाडीका कारण हुने गरेको देखिन्छ। अप्रिल ४ मा दक्षिणपश्चिमी बोलिभियाको व्यस्त सडकमा भएको दुर्घटनामा चौध जनाको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए।

# कम्बोडियामा फसेका १४ भारतीय नागरिक उद्धार

एएनआई

नोमपेन । कम्बोडिया अधिकारीसँगको सहकार्यमा भारतीय दूतावासले साइबर अपराध प्रकरणमा फसेका १४ जना भारतीय नागरिकको उद्धार गरेको छ र उनीहरू चाँडै घर फर्कने भारतीय दूतावासले एक विज्ञप्तिमा जनाएको छ।

सामाजिक सञ्जाल एक्सको एक पोस्टमार्फत कम्बोडियास्थित भारतीय दूतावासले बताएको छ, "कम्बोडियाका अधिकारीको सहयोगमा साइबर अपराध प्रकरणमा फसेका १४ भारतीय नागरिकहरू रिहा भएका छन् । कम्बोडियाली पक्षले उनीहरूको हेरचाह गरिरहेको छ । दूतावासले उनीहरूको द्रूत घर फिर्तीका लागि काम गरिरहेको छ र उनीहरूको कल्याणका लागि प्रतिबद्ध छ।"




"कम्बोडियाली अधिकारीसँग नजिकको सहकार्यमा दूतावासले जबरजस्ती अनलाइन ठगीमा फसेका ६५० भन्दा बढी भारतीय नागरिकहरूको उद्धार र स्वदेश फिर्ता गर्न सहयोग गरेको छ", विज्ञप्तिमा भनिएको छ। भारतीय दूतावास कम्बोडियाका अधिकारीसँग निरन्तर सम्पर्कमा छ। उद्धार गरिएका १४ जना भारतीय नागरिकहरूको सुरक्षित र समयमै भारत फिर्ता सुनिश्चित गर्न आवश्यक औपचारिकता द्रूतरूपमा पूरा गर्न अनुरोध गरेको विज्ञप्तिमा जनाइएको छ। "दूतावासले स्थितिलाई नजिकबाट निगरानी गरिरहेको छ र कम्बोडियामा भारतीय नागरिकहरूको रक्षा गर्न प्रतिबद्ध छ। भारतीय नागरिकहरूलाई देशमा कुनै पनि रोजगारीको प्रस्तावको सन्दर्भमा अत्यधिक सावधानी अपनाउन र कुनै पनि संदिग्ध गतिविधिबारे दूतावासलाई तुरुन्तै जानकारी गराउन सल्लाह दिइन्छ," विज्ञप्तिमा भनिएको छ । यसअघि मे महिनामा कम्बोडियामा रहेको भारतीय दूतावासले कामका लागि कम्बोडिया जाने भारतीय नागरिकका लागि विदेश मन्त्रालयद्वारा अनुमोदित अधिकृत दलालमार्फत मात्र रोजगारी सुरक्षित गर्न सुझाव जारी गरेको थियो।

"कम्बोडिया र दक्षिणपूर्वी एसियाली क्षेत्रमा रोजगारीका लागि जाने सबै भारतीय नागरिकहरूलाई यस क्षेत्रमा धेरै नक्कली दलालहरू कार्यरत रहेको जसले भारतीय दलालसँग मिलेर मानिसहरूलाई साइबरसम्बन्धी गैरकानुनी काम गर्ने कम्पनीमा रोजगारीको प्रलोभन दिइरहेका छन् ।" कम्बोडियामा रहेको भारतीय दूतावासका अनुसार दुबई, बैंकक, सिङ्गापुर र भारतजस्ता ठाउँहरूमा यी कम्पनीहरूसँग सम्बन्धित दलालले साधारण अन्तर्वार्ता र टाइपिङ परीक्षा लिएर उच्च तलब, होटल बुकिङ, फिर्ती हवाई टिकट र भिसा सुविधा प्रदान गर्ने प्रलोभनमा पारी भारतीय नागरिकहरुलाई अवैध साइबर गतिबिधीमा संलग्न गराइरहेका छन् ।रासस

# प्रदेश सरकारको ३१ प्रतिशत बढि बजेट 'फ्रिज'

राँझा । बाँकेमा गत आव २०८०/८१ मा लुम्बिनी प्रदेश सरकारको ३१ प्रतिशत बढी बजेट 'फ्रिज' भएको छ। प्रदेश सरकारअन्तर्गतका कार्यालयले बजेट खर्च गर्न नसकेपछि फिर्ता भएको हो ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारबाट बाँकेका लागि कूल रु तीन अर्ब ६० करोड ९२ लाख ५६ हजार बजेट विनियोजन भएकामा ६८ दशमलव ९६ प्रतिशत रु दुई अर्ब ४८ करोड ८८ लाख १२ हजार पाँच सय ९० मात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रणक कार्यालयका प्रमुख कोष नियन्त्रक मोहनशरण भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश सरकारले पुँजीगत खर्चतर्फ रु दुई अर्ब २२ करोड ८२ लाख २२ हजार विनियोजन गरेकामा ६८ दशमलव ८५ प्रतिशत अर्थात् रु एक अर्ब ५३ करोड ४१ लाख ७८ हजार चार सय १४ खर्च भएको हो। चालुतर्फ ६९ दशमलव १२ प्रतिशत खर्च अर्थात् विनियोजित बजेट रु एक अर्ब ३८ करोड १० लाख ३४ हजारमध्ये रु ९५ लाख ४६ हजार ३४ हजार एक सय ७५ मात्रै खर्च भएको छ।प्रदेश सरकारले गत आव २०८०/८१ मा अघिल्ला दुई आवको तुलनामा बजेट कम खर्च गरेको हो। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारले चालु तर्फ ७५ दशमलव ५१ प्रतिशत, पुँजीगततर्फ ७८ दशमलव शून्य दुई प्रतिशत र कूल बजेटको ७६ दशमलव ९९ प्रतिशत बजेट खर्च गरेको थियो ।



त्यस्तै आव २०७९/८० मा कुल बजेटको ७३ दशमलव ११ प्रतिशत बजेट खर्च गरेको प्रदेश सरकारले चालुतर्फ ७१ दशमलव ६२ र पुँजीगत तर्फ ७४ दशमलव शून्य आठ प्रतिशत बजेट खर्च गरेको कोष तथा लेखा नियन्त्रणक कार्यालयका प्रमुख कोष नियन्त्रक भण्डारीले बताउनुभयो । आर्थिक वर्ष २०८०/८१ मा बाँकेमा सङ्घअन्तर्गतका कार्यालयहरूले ८६ दशमलव ६४ प्रतिशत पुँजीगत बजेट खर्च गरेका छन्। यो खर्च प्रतिशत त्यसअघिको दुई आवको तुलनामा बढी हो। कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक भण्डारीले जिल्लामा विगतको तुलनामा पुँजीगत खर्च प्रतिशत बढेको बताउनुभयो।

सङ्घीय कार्यालयतर्फ आर्थिक वर्ष २०७८/७९ मा ७५ दशमलव ३७ प्रतिशत, आव २०७९/८० मा ७७ दशमलव १९ र आव २०८०/८१ मा ८६ दशमलव ६४ प्रतिशत विकास खर्च भएको हो। आर्थिक वर्ष २०८०/८१ मा बाँकेलाई संघीय सरकारले चालु र पुँजीगत गरी कूल रु १८ अर्ब २४ करोड ७० लाख ९२ हजार चार सय २६ विनियोजन गरेको थियो। त्यसमध्ये पुँजीगततर्फ रु छ अर्ब १३ करोड २९ लाख १५ हजार सात सय १६ विनियोजन भएकामा रु पाँच अर्ब ३१ करोड ३४ लाख ६४ हजार नौ सय ६९ रूपैयाँ खर्च भएको हो।

त्यस्तै चालु तर्फ रु १२ अर्ब ११ करोड ४१ लाख ७६ हजार सात सय १० विनियोजन भएकामा रु ११ अर्ब ३५ करोड ९८ लाख ३८ हजार छ सय २१ खर्च भएको प्रमुख कोष नियन्त्रक भण्डारीले जानकारी दिनुभयो। अघिल्लो आव २०७९/८० मा चालुतर्फ रु १२ अर्ब २० करोड २४ लाख २७ हजार सात सय ३० विनियोजन भएकामा रु ११ अर्ब ५० करोड ४५ लाख ४६ हजार दुई सय १९ खर्च भयो भने पुँजीगततर्फ रु आठ अर्ब ४५ करोड ८६ लाख एक हजार छ सय ४२ विनियोजन भएकामा रु छ अर्ब २१ करोड आठ लाख ७६ हजार सात सय २८ खर्च भएको थियो ।

बाँकेमा अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०८०/८१ मा राजस्व सङ्कलन वृद्धि भएको छ। सङ्घीय सरकार र प्रदेशसरकारमातहत रहेका जिल्लास्थित कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा अघिल्लो आवको तुलनामा राजस्व सङ्कलन वृद्धि भएको कोष तथा लेखा नियन्त्रणक कार्यालयका प्रमुख कोष नियन्त्रक मोहनशरण भण्डारीले जानकारी दिनुभयो।

उहाँका अनुसार, सङ्घतर्फ गत आर्थिक वर्ष २०८०/८१ मा बाँकेमा रु २५ अर्ब दुई करोड १० लाख १८ हजार पाँच सय २० राजस्व सङ्कलन भएको छ। अघिल्लो आर्थिक वर्ष २०७९/८० मा रु २४ अर्ब ५९ करोड २६ लाख ६९ हजार एक सय ३० राजस्व सङ्कलन भएको थियो।प्रदेशतर्फ गत आर्थिक वर्ष २०८०/८१ मा रु ९२ करोड तीन लाख ४६ हजार आठ सय ४४ राजस्व सङ्कलन भएको छ। त्यसअघिको आव २०७९/८० मा रु ८३ करोड छ लाख ९२ हजार दुई सय २४ राजस्व सङ्कलन भएको थियो।रासस

# उद्योग मन्त्रालयको समग्र सुधारका लागि १० दिने सुझाव सङ्कलन अभियान सुरु



काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समग्र मन्त्रालयको सुधारका लागि कार्ययोजना बनाउन आजदेखि सुझाव सङ्कलन गर्न १० दिने छलफल अभियान थाल्नुभएको छ।

उहाँले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र सुधार कार्ययोजना तयारीसम्बन्धी अन्तरक्रियाको आइतबार पहिलो दिन निजी क्षेत्र तथा सरोकारवाला निकायका प्रमुख एवं प्रतिनिधिसँग छलफल गर्नुभएको हो । मन्त्रालयमा नै सञ्चालन हुने १० दिने अन्तरक्रियामा हरेक दिन विभिन्न क्षेत्रका व्यक्ति सहभागी हुने मन्त्री भण्डारीले जानकारी गराउनुभयो। उहाँले कार्ययोजना निर्माण गरेर सोही बमोजिम कार्य गर्ने बताउनुभयो ।

एक महिनाभित्र परिणाम देखिने गरेर काम गर्नुपर्ने चुनौती रहेको उहाँको भनाइ छ । मन्त्री भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनबमोजिम एक महिनामा परिणाम देखिने गरेर काम गर्नुपर्ने आफूसमक्ष चुनौती रहेको बताउनुभयो।

उद्योगमन्त्री भण्डारीका अनुसार यही साउन १५ गतेसम्म सञ्चालन हुने अन्तरक्रियामा निजी क्षेत्रका छाता सङ्गठन, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत विभिन्न मन्त्रालयका प्रतिनिधि, राष्ट्रिय योजना आयोग, नीति अनुसन्धान प्रतिष्ठान, विभिन्न विश्वविद्यालयका प्रतिनिधि, विद्यार्थी सङ्गठनका प्रतिनिधि, उपभोक्ता अधिकारकर्मी, पेसागत सङ्गठनका प्रतिनिधि, सम्बन्धित वस्तुगत महासङ्घ, प्रत्यक्ष बिक्री सम्बद्ध प्रतिनिधि सहभागी रहनेछन् ।अन्तरक्रियामा संसदीय समिति, प्रमुख राजनीतिक दलका सम्बद्ध पदाधिकारी, राजनीतिक दलका उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्र सम्बद्ध पदाधिकारी, प्रदेशका मुख्यमन्त्री एवं उद्योग तथा वाणिज्यमन्त्री, नगरपालिका र गाउँपालिका सङ्घ, पूर्वमन्त्री, पूर्वसचिव तथा विषयविज्ञको सहभागिता रहने मन्त्री भण्डारीले बताउनुभयो । सबै पक्षसँग छलफल सकेपछि पाँच दिनको समय लगाएर कार्ययोजना बनाइने छ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालले लगानीकर्तालाई बहुवर्षीय भिसा दिनुपर्ने, लगानीकर्तासँग समन्वय गर्ने संयन्त्र निर्माण गर्नुपर्ने, एकल विन्दु सेवा केन्द्र सञ्चालन गर्नुपर्ने, सय जनालाई रोजगारी दिने रोजगारदातालाई प्रोत्साहन गर्नुपर्ने, स्थानीय उत्पादन प्रयोग गर्ने बानीको विकास गर्नुपर्ने, 'स्टार्ट अप'लाई निरन्तरता दिनुपर्ने, हरेक प्रदेशमा 'इन्क्युबेसन' केन्द्र स्थापना र आयात प्रतिस्थापन गर्नुपर्नेलगायत सुझाव दिनुभयो ।नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष अञ्जन श्रेष्ठले राजनीतिक स्थायित्व हुनुपर्ने, लगानीकर्ताका लागि नीतिगत स्पष्टता हुनुपर्ने, औद्योगिकीकरणको सोचको विकास हुनुपर्ने, सरकार राजस्व सङ्कलनमा मात्र सीमित हुन नहुने, उद्योग मन्त्रालय उद्योगी व्यवसायीको अभिभावकको भूमिकामा रहँदै मजबुत हुनुपर्नेलगायत सुझाव राख्नुभयो। रासस

# नेपाल र चीनबीच पर्वतीय पर्यटन प्रवर्द्धनमा सम्झौता

काठमाण्डु । पर्वतीय पर्यटन प्रवर्द्धन प्रयोजनार्थ नेपाल र चीनका दुई सरोकारवाला निकायबीच सम्झौता भएको छ। नेपाल पर्वतारोहण सङ्घ र पर्वतारोहण क्षेत्रमा चीन जनसरकारको नेतृत्व गर्ने सिचाङ स्वशासित क्षेत्र खेलकुद महासङ्घबीच दुईपक्षीय सम्झौता भएको हो।

चीनको सिचाङ स्वायत्त प्रदेशको निङ्ची/लुलाङ सहरमा यही जुलाई ३ देखि ५ तारिखमा आयोजना भएको 'ट्रान्स हिमालय फोरम' का अवसरमा भएको उक्त सम्झौताबारे सङ्घले आज पत्रकार सम्मेलन गरी जानकारी दिएको छ। सङ्घका अध्यक्ष निमानुरु शेर्पाले उक्त सम्झौताले नेपालको पर्वतीय पर्यटनको प्रचार र विकासमा महतवपूर्ण भूमिका निर्बाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

उच्च पर्वतारोहण क्षेत्रमा दुई देशबिचको ज्ञान, सीप आदनप्रदान तथा उच्च पर्वतारोहण क्षेत्रमा हुने दुर्घटनामा तत्काल गरिनुपर्ने उद्धार, पर्वतीय वातावरण र पर्वतीय संस्कृतिको प्रवर्द्धनका लागि चीन सरकारको उच्च पदाधिकारीहरुको उपस्थितिमा भएको आफ्नो लुसाङ भ्रमणका दौरानमा दुई देशबीच चार बुँदे सम्झौता भएको हो।सम्झौतामा पर्वतीय उद्धारमा सहयोग र सहकार्य गर्ने, आरोहण संस्कृतिको प्रवर्द्धन, पर्वतीय वातावरणको संरक्षण र आरोहणसम्बन्धि जनशक्ति उत्पादनमा जोड दिने उल्लेख छ। यो सम्झौता सङ्घले अन्तर्राष्ट्रिय निकाय वा सरकारसँग गरेको अहिलेसम्मको ठूलो भएको सङ्घले दावी गरेको छ।

सम्झौता अनुरुप उच्च पर्वतीय क्षेत्रमा विभिन्न कारणले हुने दुर्घटनामा प्रभावकारी उद्धार कार्य गर्न अन्य आपत्कालिन अवस्थामा गर्नुपर्ने उद्धारका लागि सहयोग र सहकार्य गरिनेछ। यसको उपलब्धी स्वरुप तत्काललाई दुई पक्षबीच 'हाइ अल्टिच्युड माउन्टेन रेस्क्यु मेकानिजम' स्थापना गर्ने सहमति भएको छ।रासस

# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.शाखा कार्यालय, कञ्चनपुरको ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्र-पत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (११) तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि २०७७ को परिच्छेद ४ बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**तपशिल**

**१. ग्राहकको नाम- श्री गोपाल सत्याल क्षेत्री**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | गोपाल सत्याल क्षेत्री | कञ्चनरुप-न.पा-११ | ९५५३००२८ २०३६-०३-०६ | टिका बहादुर सत्याल | अग्नी कुमार सत्याल | ७००००० ०० | १२८३५४.७९ | ८२८३५४.७९ |

**२. ग्राहकको नाम- श्री विशाल कृषि तथा बहुउद्देश्य पशुपंक्षी फर्म**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | दर्ता नं/मिति | दर्ता भएको कार्यालय | पान नं /मिति | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | विशाल कृषि तथा बहुउद्देश्य पशुपंक्षी फर्म | सप्तकोशी नगरपालिका-११ | ०४ २०७७/०५/३१ | सप्तकोशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पशुपन्छी शाखा | ६१३६९८७१३ २०७७/०६/०५ | ४७,२०,००० | ४३५३४३.४९ | ५१५५३४३.४९ |

**प्रोप्रइटरको विवरण**

| नाम,थर | ठेगाना | ना.प्र.न./मिति | उद्देश्य | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| विशाल विक्रम पंत | सप्तकोशी -११, सप्तरी | ६१८४/ २०५८-०७-१९ | सहुलियत कर्जा | विकाश विक्रम पंत | वोध विक्रम पंत |

**३. ग्राहकको नाम- श्रीमती ईश्वरी देवी पौडेल**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्रीमती ईश्वरी देवी पौडेल | कञ्चनरुप-८ | ४४१८१८३५ २०४५-०१-१७ | टीका प्रसाद हुमागाइ | | ६,५०,००० | १५८८६६.०३ | ८०८८६६.०३ |

**४. ग्राहकको नाम- श्री छेदी साहु तेली**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | छेदी साहु तेली | कञ्चनरुप-न.पा-१ | ०५५१०१३१ २०३८-०३-३१ | पंची साहु तेली | बावुलाल साहु | १३,८०,००० | १३३१७४.९३ | १५१३१७४.९३ |

**५. ग्राहकको नाम- श्रीमती मुन्नी देवी झा**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | मुन्नी देवी झा | कञ्चनरुप-न.पा-२ | ३०४९/३५६५ २०५५-०५-१२ | इन्द्रकान्त झा | जगदिश झा | १०,००,००० | १०९१५३.९५ | ११०९१५३.९५ |

**६. ग्राहकको नाम- श्री राजकुमार चौधरी**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | राजकुमार चौधरी | अग्नीसाई र कृष्णासवरन गा.पा.-१ | ४२१५ २०६२-११-०१ | रामलाल चौधरी थारु | ठिठर चौधरी | ५,००,००० | १७८९०८.५० | ६७८९०८.५० |

**७. ग्राहकको नाम- श्री लक्ष्मी प्रसाद चौधरी**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | लक्ष्मी प्रसाद चौधरी | अग्नीसाई र कृष्णासवरन गा.पा.-१ | १०४९/०२८/०२९ २०६०-०२-०६ | त्रिभुवन चौधरी | गोवर्धन चौधरी | ८,५०,००० | १६७७८४.५९ | १०१७७८४.५९ |

**८. ग्राहकको नाम- श्री जोगधर यादव**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | जोगधर यादव | कञ्चनरुप-न.पा-५ | ८०१६०३५७ २०३४ साल | अवधी यादव | ठीठर यादव | ६,००,००० | १०९३०७.१९ | ७०९३०७.१९ |

**९. ग्राहकको नाम- श्री मेघ बहादुर खत्री**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | मेघ बहादुर खत्री | कञ्चनरुप-न.पा-१२ | २६८११४९५ २०४४-१२-३० | भक्त बहादुर खत्री | सेरबहादुर खत्री | ५,५०,००० | १०३७०९.१८ | ६५३७०९.१८ |

१०. ग्रहकको नाम- श्री जय बजरङ्गी होजीयारी

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | दर्ता नं/मिति | दर्ता भएको कार्यालय | पान नं /मिति | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | जय बजरङ्गी होजीयारी | सप्तकोशी नगरपालिका-१ | ९३०६/०७७/७८ २०७७/०७/२६ | घरेलु तथा साना उद्योग कार्यालय, राजविराज , सप्तरी | ६१४४०८६०७ २०७७/०८/२१ | १९,००,००० | १४५६५२.७५ | ५१५५३४३.४९ |

**प्रोप्रइटरको विवरण**

| नाम,थर | ठेगाना | ना.प्र.न./मिति | उद्देश्य | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| राधा विश्वकर्मा | सप्तकोशी -१,सप्तरी | १६-०२-७४-००७१०/ २०७४-०२-२५ | उद्योग कर्जा | छक मिझार कामी | |

**११. ग्राहकको नाम- श्री भोटे चौधरी**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | भोटे चौधरी | अग्नीसाईर कृष्णासवरन गा.पा.-१ | ०५९०४४३८ २०४५-०२-०३ | वंशिलाल चौधरी | भुटाई चौधरी | ४,००,००० | ४८९८५.०५ | ४४८९८५.०५ |

**१२. ग्राहकको नाम- श्री पुष्पेन्द्र प्रसाद गुप्ता**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | पुष्पेन्द्र प्रसाद गुप्ता | कंचनरुप न.पा- ८ | ०५५१२२३४ २०४४/१२/२४ | रामेश्वर प्रसाद गुप्ता | बैजनाथ गुप्ता | ५,२०,००० | १५५४८.४५ | ५३५५४८.४५ |

**१३. ग्राहकको नाम- श्री बालकृष्ण लगरवार**

| क्र.सं. | ऋणी/ग्रहकको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | सावा रकम रु | २०८१ असार सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १. | बालकृष्ण लगरवार | तिरहुत गा.पा-१ | ९७९९२८०४ २०४४/१२/०४ | सिताराम लगरवार यादव | नन्दी लाल लगरवार यादव | ५,००,००० | ३०९७५.१४ | ५३०९७५.१४ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
**मधेश प्रदेश कार्यालय जनकपुर**

# मुख्यमन्त्री सिंहद्वारा मन्त्रालयमा छड्के

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेशका विभिन्न मन्त्रालयमा छड्के निरीक्षण गरेका छन् ।



मुख्यमन्त्री सिंहले आइतबार कार्यालय समयमा मुख्यमन्त्रीको कार्यालयसहित ११ मन्त्रालयमा छड्के जाँच गरेका छन् । उनले मन्त्रालयमा भइरहेको कामलाई चुस्त बनाउन छड्के निरीक्षण गरेको बताए ।

उनले प्रदेशको अर्थ, गृह, सञ्चार तथा कानुन, वन तथा वातावरण, भौतिक पूर्वाधार विकास, स्वास्थ्य तथा जनसंख्या, उर्जा सिँचाइ तथा खानेपानी, शिक्षा तथा संस्कृति, उद्योग, वाणिज्य तथा पर्यटन, श्रम तथा यातायात र खेलकुद तथा समाज कल्याण मन्त्रालयमा छड्के जाँच गरे ।

उनले निरीक्षणका क्रममा भने, “अधिकांश कर्मचारीमा लापरबाही देखिएको छ, खासगरी कार्यालयमा हाजिर नगर्ने, विदामा बस्दा स्वीकृति नलिनेजस्ता समस्या देखा परेका छन्, यसलाई तत्काल सुधार गर्नुपर्छ ।”

निरीक्षणका क्रममा देखिएका समस्यालाई मध्ये नजर गर्दै हरेक मन्त्रालयमा देखिएको समस्यालाई खुलाउनेगरी जवाफ मागेको छ ।

मुख्यमन्त्रीको पहिलो दिनको निरीक्षणमा देखिएका समस्यालाई तत्काल सुधार गर्न सबै कर्मचारीलाई उनले निर्देशनसमेत दिएका छन् ।

# पूर्वमन्त्री महतोले नै परीक्षा बोर्डमा बुझाए घुस



टुडे समाचारदाता

काठमाण्डु । पूर्वमन्त्री तथा जसपा सांसद वीरेन्द्र महतोले राष्ट्रिय परीक्षा बोर्डमा ५ हजार घुस खुवाएको बताएका छन् ।

प्रतिनिधिसभामा आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले पेस गरेको विश्वासको मत लिने प्रस्तावको क्रममा भएको छलफलमा भाग लिँदै पूर्वमन्त्री महतोले राष्ट्रिय परीक्षा बोर्डमा आफुले बाध्यतावस पाँच हजार रुपैयाँ घुस दिनु परेको बताए ।

उनले भने, 'मैले पाँच हजार घुस तिरेको छु, पत्याउनुहुन्छ ? छोरोको सर्टिफिकेट इक्युभ्यालेन्ट गर्न गएको थिएँ। सबै कागजात मिलेको थियो। अधिकृतले कागज मिलेन, चिया खाने समय भयो भन्नुभयो। बिचौलियालाई पाँच हजार दिएँ। आधा घन्टामा काम भयो । कहाँबाट सुधार गर्ने, तलबाट कि माथिबाट ?'

# बालबालिका हराउने क्रम बढ्दो

टुडे समाचारदाता

वीरगञ्ज । पछिल्लो समय पर्साबाट बालबालिका हराउने क्रम बढेको छ ।

तीन वर्षको तथ्यांकका अनुसार पर्साबाट बालबालिका हराउने क्रम बढेको जनाइएको छ ।




जिल्ला प्रहरी कार्यालय पर्साको तथ्यांक अनुसार पछिल्लो तीन वर्षमा ९ सय ५० जना व्यक्ति हराएका छन् । आर्थिक वर्ष ०७८/०७९ देखि ०८०/०८१ सम्ममा ९५१ जना मानिस जिल्लाभरिबाट हराएको प्रहरी तथ्यांकमा उल्लेख छ ।

प्रहरीले सार्वजनिक गरेको तथ्यांकमा ०७८/०७९ मा २९०, ०७९/०८० मा ३२९ र ०८०/०८१ मा ३३२ जना हराएका छन् । तीन वर्षको अवधिमा हराएकाहरुमध्ये ७४८ जना फेला पारेको प्रहरी बताउँछ भने ६२८ जनाको विभिन्न स्थानहरुबाट उद्धार गरिएको प्रहरी रेकर्ड छ ।

यस अवधिमा जिल्लाबाट हराउनेहरुको संख्यामध्ये बढी बालिकाको संख्या रहेको छ । यस तीन वर्षको अवधिमा जिल्लाबाट ४४४ जना बालिका मात्रै हराएको तथ्यांक छ । आर्थिक वर्ष ०७८/०७९ मा २९०, ०७९/०८० मा ३२९ र ०८०/०८१ मा ३३२ बालिका हराएको छ ।

त्यस्तै हराउनेहरुको सूचीमा महिला, बालक र जेष्ठ नागरिकको समेत रहेको छ । यस तीन वर्षमा ३६३ जना महिला, १३१ जना बालक र १३ जना जेष्ठ नागरिक हराएका छ ।

हराएकाहरुमध्ये अधिकांश फेला पनि परेको पर्साका प्रहरी नायब उपरीक्षक दिपक भारतीले जानकारी दिए ।

यस अवधिमा हराएका ९५१ जना मध्ये ७४८ जना फेला परेको उनले बताए । उनले ३४६ जना बालिका, २९० जना महिला, १०७ जना बालक र १२ जना जेष्ठ नागरिकलाई खोजी गरी फेला पार्न प्रहरी सफल भएको बताए । प्रहरी नायब उपरीक्षक भारतीले बताए अनुसार तीन वर्षको अवधिमा ६२८ जनाको उद्धार गरिएको छ ।

प्रहरीले ३७८ जना महिला, १८४ जना बालिका र ६६ जना बालकको उद्धार गरेको छ ।

भारतसँगको खुल्ला सिमानाका रहेकाले पनि यहाँका नागरिकहरु बढिरहेको छ। यससंगै सामाजिक सञ्जालको प्रभाव, बेरोजगारी, केटाकेटी उमेरमै हुने गरेको विवाहलगायतका कारण हराउनेहरुको संख्या बढेको प्रहरी नायब उपरीक्षक भारतीले बताए ।

प्रहरीले यस्ता घटनाहरु रोक्नका लागि विभिन्न खाले सचेतनामूलक कार्यक्रम, सामाजिक सञ्चालमार्फत विभिन्न सूचना प्रवाहको काम गर्दै आइरहेको उनको कथन छ ।

## सीमलताल दुर्घटना :

# पीडित परिवारलाई आर्थिक सहयोग

टुडे समाचारदाता

रौतहट । त्रिशूली नदीमा बस खसेर ज्यान गुमाएका ११ परिवारलाई रौतहटको बौद्धीमाई नगरपालिकाले आर्थिक सहयोग गरेको छ ।



चितवनको सीमलतालमा असार २८ गते गणपति डिलक्स बस त्रिशूलीमा खसेर ज्यान गुमाएका रौतहटका ११ जना परिवारलाई मेयर प्रदीपकुमार यादवले प्रति व्यक्ति पचास हजार रुपैयाँ नगदको दरले आर्थिक सहयोग उपलब्ध गराएको छ ।

बौद्धीमाई नपा- १ अजगैवी बो हरिचन्द्र यादव, बलि राउत कुर्मी, वडा नम्बर २ इनर्वाका रामकुमार पटेल, वडा नम्बर ३ स्थित मटिअर्वाका पर्शुराम साह बनियाँ र मिना देवी, वडा नम्बर ४ इनरवारीका शलेन्द्र पटेल, गुड्डु पटेल, प्रीन्स जयसवाल, वडा नम्बर ७ का अमरिता देवी, प्रिती कुमारी, शिवशंकर कुमार गरी ११ जनाको परिवारलाई आर्थिक सहयोगस्वरुप रकम उपलब्ध गराइएको बौद्धीमाई नगरपालिकाका मेयर यादवले बताए ।

सो कार्यक्रममा मधेश प्रदेशका सांसद कनिश पटेल, बौद्धीमाई नपाका मेयर यादव, उपमेयर प्रमिला जयसवाल, वडाध्यक्ष तुरन्त नारायण यादव, मुक्ति नारायण मिश्र, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, लेखा प्रमुख अरविन्दकुमार यादव, योजना शाखा प्रमुख उमेश झालगायतका उपस्थिति थियो ।

असार २८ गते शुक्रबार वीरगञ्जबाट काठमाण्डुतर्फ गइरहेएको बागमती प्रदेश०३-००६ख १५१६ नम्बरको बस र काठमाण्डुबाट गौरतर्फ गइरहेको बागमती प्रदेश०३-२४९५ख ००१ नम्बरको बस सिमलताल पहिरोमा बगेका थिए ।

सो बसमा सवार ६५ जनामध्ये तीनजना बाँच्न सफल भएका थिए भने ६२ जना बेपत्ता थिए। अहिलेसम्म २५ जनाको शव विभिन्न क्षेत्रमा फेला परेको छ भने १७ जनाको सनाखत भएको छ । अझै पनि ३७ यात्री र दुईवटै बसको अवस्था अज्ञात रहेको छ। मुलुकमा अत्याधुनिक उपकरणसहितका जनशक्ति नहुँदा सरकारको अनुरोधमा बंगलादेश र भारतबाट समेत उद्धार टोली आएको छ।

भारतीय टोली नारागणगढ-मुग्लिन सडकको सीमलतालमा पहिरोले त्रिशूलीमा बगाएका दुईवटा बस र सो बसमा सवार यात्रीको खोजी कार्यमा लागेको छ । भारतको नेशनल डिजास्टर रेस्पोन्स फोर्स (एनडिआरएफ)को १२ सदस्यीय टोली आइतबार बिहानदेखि खोजतलासमा जुटेको जनाइएको छ।

# स्रोत नखुलेको रकम सहित पक्राउ

टुडे समाचारदाता

बारा । बाराबाट स्रोत नखुलेको रकमसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको विश्रामपुर गाउँपालिका-१ स्थित घोडासाहन नाकाबाट स्रोत नखुलेको नगद १० लाख २० हजार रूपैयाँ सहित दुई जनालाई आइतबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा फेटा गाउँपालिका-६ स्थित पुरैनियाका ४१ वर्षीय सैदुल्ला मिया ठकुराइ र २२ वर्षीय बागर अन्सारी रहेको बारा प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय छतवाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको ना.३६ प ४५६३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त नगद सहित पक्राउ गरेको छ। यता प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

# बंगलादेशबाट फर्किदै नेपाली विद्यार्थी

टुडे समाचारदाता

काठमाण्डु। आरक्षण कोटाको विरोधमा आन्दोलन चर्किएपछि बंगलादेशमा अध्ययनरत नेपाली विद्यार्थी स्वदेश फर्किन थालेका छन् । बांगलादेश एयरलाइन्सबाट करिब ४७ जना विद्यार्थी स्वदेश फर्किएका छन् । भने केही हिमालयन एयरबाट फर्किएका छन् । उनीहरूलाई सम्बन्धित कलेजले एम्बुलेन्समा राखेर विमानस्थल ल्याइदिएको थियो ।



आइतबार बिहान उनीहरू त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै स्वदेश फर्किएका छन् । अहिलेसम्म करिब ८ सय विद्यार्थी विमानस्थल र स्थलमार्ग हुँदै स्वदेश फर्किएको सरकारले जनाएको छ । बंगलादेशमा जारी आन्दोलनका कारण ३५ जना भन्दा बढीको मृत्यु भइसकेको छ ।

बंगलादेशमा सरकारी सेवामा रहेको कोटा प्रणाली खारेजीको माग गर्दै भएको आन्दोलनका कारण समस्या उत्पन्न भएको छ । आन्दोलन थप भड्किएपछि बंगलादेश सरकारले शनिबारदेखि कर्फ्यू लगाएको छ। बंगलादेशमा रहेका अन्य नेपालीलाई सुरक्षित स्थानमा रहन र बाहिर ननिस्किन आग्रह समेत गरेको छ ।

बंगलादेशबाट आइतबार नेपाल फर्किएका विद्यार्थी सदीक्षा बस्नेतले आफूहरू एमबीबीएस पढ्न ३ महिनाअघि मात्रै गएको बताइन् ।

परराष्ट्र मन्त्रालयले एक सूचना जारी गर्दै बंगलादेशमा रहेका नेपाली विद्यार्थीहरू सम्बन्धमा अनलाइन निवेदन दिन अभिभावकसँग अनुरोध समेत गरेको छ ।

# डेंगु नियन्त्रणका लागि अभियान

टुडे समाचारदाता

बर्दिबास । महोत्तरीको चार स्थानीय तहमा डेंगुलगायत किटजन्य रोगको सर्वाधिक जोखिममा रहेको भन्दै डेंगु नियन्त्रणका लागि अभियान नै संचालन गरेको छ ।

स्वास्थ्य कार्यालय महोत्तरीले जनाए अनुसार ०७४ सालको असोज महिनादेखि बर्दिबासमा पहिलो पटक देखा परेको डेंगु छ । भने जिल्लाको गौशाला नगरपालिका, मनरा सिसवा नगरपालिका र जलेश्वर नगरपालिकामा फैलिसकेको छ। जिल्लाका अन्य स्थानीय तहमा सर्ने संकेत देखिएको छ ।

सो कार्यालयका भेक्टर कन्ट्रोल अधिकृत हरिनन्दन महतोले बताए अनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा डेंगुबाट सबैभन्दा बढी बर्दिबासमा २०९, मनरासिसवामा ७९, गौशालामा सात र जलेश्वरमा छ जना गरी ३०१ जना संक्रमित भएका थिए। जोखिम पहिचान गरिएका स्थानीय तहमा नियन्त्रण अभियान सुरु गरिएको छ। स्वास्थ्य कार्यालय महोत्तरीको ‘खोजा र नष्ट गर’ कार्यक्रम अन्तर्गत प्रभावित क्षेत्रमा औषधी छर्कन (स्प्रे) सुरु गरेको छ ।



प्रभावित क्षेत्रमध्ये बर्दिबासमा शनिबारबाट सुरु गरिए पनि यसअघि मनरासिसवा र जलेश्वरमा स्प्रेको काम पूरा भएको छ। बर्दिबासलगत्तै गौशालामा सो कार्यक्रम संचालन गरिने भएको छ। अहिलेसम्म डेंगु नदेखिएको मटिहानी नगरपालिका-६ को आगलागीपीडित बस्तीमा समेत स्प्रे गरिएको महतोले बताए।

बर्सातको समय डेंगुलगायत किटजन्य रोग फैलाउने लामखुट्टेले फूल पार्ने र लार्भा हुर्काउने मौसम भएकाले पूर्वसतर्कताका लागि ‘बिट’ नामक लार्भीसाइड स्प्रे सुरु गरिएको महतोले बताए । सो औषधिको प्रभावले लामखुट्टे बन्ने प्रक्रियामा रहेका लार्भालाई मार्ने हुँदा पानी जमेका खाल्टाखुल्टीदेखि खाली टायर राखिएका स्थान खोजी खोजी औषधि छरिएको भेक्टर कन्ट्रोल अधिकृत महतोले बताए। बर्दिबास असपतालका सिनियर अहेब अर्जुन साह सोनारले स्प्रेका क्रममा वर्कसपमा राखिएका खाली टायरमा प्रशस्त मात्रामा लामखुट्टेका लार्भा पाइएको बताए । उनले अहिले स्प्रे नगरिएको भए यी लार्भा केही दिनमै लामखुट्टेमा रूपान्तरित हुने अवस्थामा पुगिसकेको बताए ।

यस अभियान अन्तर्गत राजमार्ग क्षेत्रले ओगटेका बर्दिबासका १, २, ३ र १४ नं वडमा स्प्रे सुरु गरिएको नगर स्वास्थ्य सहसंयोजक रामबाबु यादवले बताए। यसका लागि १२ जना स्प्रे छर्न जनशक्ति परिचालित गरिएको छ। बजार क्षेत्रमा पर्ने यी वडा सबैभन्दा बढी प्रदूषित र डेंगुको सर्वाधिक जोखिममा रहेका क्षेत्र भएकाले स्प्रेका लागि पहिलो प्राथमिकतामा राखिएको उनको भनाइ छ।

डेंगुको सर्वाधिक प्रकोपमा रहेको बर्दिबासमा पहिलो पटक महिला स्वास्थ्य स्वयंसेविकाको सहभागितामा स्प्रे अभियान सञ्चालन गरिएको छ। प्रभावित क्षेत्रमा चेतनामूलक तुल र ब्यानर लिएर घरदैलो गरी स्वयंसेविकाले डेंगुविरुद्ध सचेतना फैलाउने गरेका छन् ।

# लक्ष्य अनुसार राजस्व उठेन

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले गत आर्थिक वर्षमा लक्ष्य अनुसार राजस्व उठाउन सकेको छैन ।

आर्थिक वर्ष २०८०-८१ का लागि भन्सार बिभागले तोकेको लक्ष्यभन्दा करिब ३६ प्रतिशत कम राजस्व संकलन गरेको जनाएको छ ।

भन्सार बिभागले आर्थिक वर्ष २०८०-८१ का लागि २ खर्ब ४५ अर्ब ८८ करोड ५० लाख ८२ हजार राजश्व उठाउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०८०-८१ मा एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार रुपैयाँ संकलन भएको वीरगञ्ज भन्सार कार्यालयका प्रवक्ता रघुलाल कर्णले बताए ।

आइसिपी भन्सार कार्यालयले तोकिएको लक्ष्यभन्दा करिब ८८ अर्ब ४८ करोड १९ लाख ५४ हजार रुपैयाँले कमी भएको छ ।




वीरगञ्ज भन्सार कार्यालयले भन्सार महसुल तर्फ ५८ अर्ब ८७ करोड ९९ लाख ८३ हजार राजश्व संकलन गरेको छ भने मूल्य अभिवृद्धि करतर्फ ६६ अर्ब ७५ करोड ९४ लाख रुपैयाँ राजस्व संकलन गरेको छ। त्यस्तै अन्त शुल्कतर्फ १० अर्ब १९ करोड ८७ लाख ८० हजार संकलन भएको छ । त्यसैगरी पूर्वाधार करतर्फ १४ अर्ब ४३ करोड ५१ लाख ७४ हजार कृषि सुधारतर्फ एक अर्ब ३८ करोड ५८ लाख २० हजार राजश्व संकलन भएको छ। सडक मर्मत तथा सुधारतर्फ तीन अर्ब ६७ करोड ६४ लाख ७४ हजार र सडक निर्माण तथा सम्भार दस्तुरमा एक अर्ब ९९ करोड ५२ लाख ७० हजार रूपैयाँ राजश्व संकलन भएको छ।

त्यसैगरी हरित करतर्फ २६ करोड ९९ हजार बिलासितातर्फ ६६ लाख ११ हजार राजश्व संकलन गरेको छ ।

भने भन्सार महसुलको निर्याततर्फबाट दुई करोड ३९ लाख ५० हजार स्वास्थ्य जोखिम करतर्फ एक करोड १५ लाख ६७ हजार राजश्व संकलन भएको भन्सार कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा छ।

# गुरुलाई सम्मान

टुडे समाचारदाता

राजविराज । गुरु पुर्णिमाको अवसरमा पारेर आइतबार सप्तरीमा गुरुलाई सम्मान गरिएको छ।

राजविराजमा भारोत्तोलन संघ सप्तरीले आयोजना गरेको कार्यक्रममा खेलाडीहरुले संघका निवर्तमान अध्यक्ष समेत रहेका जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता महेशप्रसाद यादव, भारोत्तोलनका प्रशिक्षक पुन्तिलाल यादव तथा नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझीलाई सम्मान गरिएको छ।



संघका कार्यवाहक अध्यक्ष गोपाल प्रसाद गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वक्ताहरुले गुरुबाट प्राप्त ज्ञान व्यवहारमा उतार्नुपर्ने र आर्जन गरिएको ज्ञानगुनहरु अन्यमा पनि बाँडनु पर्नेमा जोड दिए।

सो कार्यक्रमका संसदीय दलका नेता यादवले शिक्षा र खेलकुद क्षेत्रको विकास भए मात्र विकास निर्माणले गति लिने बताए । खेलकुदको विकासले विकास निर्माणका साथै पर्यटनको विकासमा पनि टेवा पुऱ्याउने भन्दै उनले प्रदेशको तर्फबाट योग्य र अनुशासित खेलाडी उत्पादन तथा प्रदेशको खेलकुदलाई माथी उठाउन आफुले सक्दो पहल गर्ने बताए।

निवर्तमान शिक्षामन्त्री समेत रहेका उनले विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिका लागि गुरुको ठूलो दायित्व र जिम्मेवारी हुने भन्दै गुरुबाट प्राप्त ज्ञान व्यवहारमा उतार्नु पर्नेमा जोड दिए । गुरु पुर्णिमाकै अवसर पारेर आइतबार स्थित ज्ञानज्योति सेकेन्डरी स्कुलले एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने प्याबसन अन्तर्गतका विद्यालयका छात्रछात्रालाई पुरस्कार सहित सम्मान गरेको छ।

विद्यालयका पूर्व प्रिन्सिपल स्व.पंचदेव यादवको स्मृति तथा सम्मानमा स्थापित सो पुरस्कारबाट गुरु पुर्णिमाका दिन प्रत्येक वर्ष एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने छात्रछात्राहरुलाई प्रदान गर्ने गरिन्छ।

सो कार्यक्रममा विद्यालयका संचालक सुशिला देवी यादव, डा.देवेश कुमार यादवलगायतले उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरुलाई पुरस्कारबाट सम्मानित गरेका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८